**Teachers Wanted**

| S.N. | Position | Level | No. | Time | Quali. |
|---|---|---|---|---|---|
| 1. | Grade Teacher | Pre-Primary | 2 | Full Timer | B.A./B.Ed. or Running |
| 2. | Science/ English | Primary/ L.Sec. | 3 | Full Timer | B.A./B.Ed. or Running |
| 3. | Health/ Computer/LC | Primary/ L.Sec. | 3 | Full Timer | B.A./B.Ed. or Running |
| 4. | Nurse | ****** | 1 | Part Time | PCL Nursing |
| 5. | आया दिदी | ****** | 2 | Full Timer | सामान्य लेखपढ |

Experienced & dedicated teachers are encouraged to apply Self-handwritten application within 25 Chaitra -2082
(Starting Salary : 1.Pre/Primary: Rs.: 15000/-20000/- 2. L.Sec: Rs.: 20000/-25000/-)

**Sacred Heart Academy**
Suryavinayak, (Gapali)-4, Bkt 016615772/015902764/ 9841432048 sacredheartacademy73@ gmail.com



भ.पुजि.प्र.का.द.नं. २६/२०५५/५६ भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदूर
*The Worker Daily* दैनिक

Website : www.onlinemajdoor.com





विज्ञापनको निम्ति सम्पर्क
फोन नं ६६१९१०७
६६२०५५९



★ वर्ष : २८ ★ अङ्क : ७२ ★ ने. सं. ११४६ चौला गा, तृतीया ★ आइतबार ★ २२ चैत, २०८२ ★ April 5, 2026, Sunday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८


## नेमकिपाको केन्द्रीय समितिको बैठक सुरु

# "समाजवादको विकल्प छैन, दुई-चार वर्षमा कोही परिपक्व नेता बन्न सक्दैनन्" : अध्यक्ष बिजुक्छेँ



भक्तपुर, २१ चैत । नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) को अध्यक्षतामा पार्टीको आठौँ महाधिवेशनपछिको पार्टी केन्द्रीय समितिको तेस्रो बैठक शनिबार भक्तपुरमा बस्यो ।

बैठकमा अध्यक्ष बिजुक्छेँले सडक वा निर्वाचित संस्था जहाँ भए पनि नेमकिपाले देश र जनताको निःस्वार्थ सेवा गर्दै जाने बताउनुभयो ।

उहाँले भन्नुभयो, "कार्यकर्ताहरू निर्वाचनमा मात्र जनताको बिचमा पुगेर सङ्गठनको विकास र मत प्राप्त नहुनेतर्फ सचेत हुनु आवश्यक छ; कार्यकर्ताहरू आफ्नै मिहेनतमा सङ्गठन विस्तारमा लाग्नु जरुरी छ ।"

समाजवादको विकल्प नभएको स्पष्ट पार्दै अध्यक्ष बिजुक्छेँले योग्यताअनुसार काम र कामअनुसार पारिश्रमिकको व्यवस्था नै समाजवाद भएको बताउनुभयो ।

संरा अमेरिका र भारतीय सरकारको संलग्नताविना नेपालमा भदौ २३ र २४ गतेको जस्तो उपद्रव हुन नसक्ने नेमकिपाले सुरुमै स्पष्ट पारेको उल्लेख गर्दै अध्यक्ष बिजुक्छेँले भन्नुभयो, "कार्यकर्ताहरूले राष्ट्रिय र अन्तर्राष्ट्रिय विषयमा अध्ययन र अन्तरक्रिया चालु राख्नु जरुरी छ । जनतासँग कार्यकर्ताहरूको व्यवहार विनम्र र भद्र हुनु आवश्यक छ ।"

संरा अमेरिकी ट्रम्प प्रशासन कूटनीतिक नभएको र चीनले आफ्नो अडान संयुक्त राष्ट्र सङ्घमा कूटनीतिक शैलीमा राख्दै आएको बताउँदै अध्यक्ष बिजुक्छेँले पुँजीवादी विचलनबाट जोगिनुपर्ने र जनतासँगै सिक्ने र जनताकै सङ्गठन गर्नेतर्फ लाग्न जोड दिनुभयो ।

अध्यक्ष बिजुक्छेँले स्पष्ट गर्नुभयो, "संसद् सदस्यको काम आफ्नो निर्वाचन क्षेत्रको सानोतिनो विकासको कुरा गर्ने होइन, देशको लागि आवश्यक नीति र कानुन बनाउने हो । यो विषय नेपालका बुद्धिजीवीहरूले पनि बुझ्न सकेनन्; पार्टीका कार्यकर्ताहरूले बुझ्नु आवश्यक छ ।"

उहाँले भन्नुभयो, "कसैले समाजवाद बेठीक भन्दैमा समाजवादबारे बुझेकाहरूले स्वीकार गर्दैनन् । जनता सचेत भएपछिमात्र समाजवादबारे बुझ्छन् । जनतालाई सचेत बनाउन राष्ट्रिय र अन्तर्राष्ट्रिय विषयमा जनताबिच नियमित कक्षा सञ्चालन हुनु आवश्यक छ ।"

कम्युनिस्टहरूले कामदार वर्गको हित हेर्ने हुँदा शोषकहरूले कम्युनिस्टहरूलाई मन नपराने स्पष्ट पार्दै अध्यक्ष बिजुक्छेँले कार्यकर्ताहरूले जनतालाई हृदयदेखि नै पुँजीवादी विचारप्रति घृणा पैदा हुने शिक्षा दिएर सचेत पार्नु आवश्यक छ भन्नुभयो ।

उहाँले भन्नुभयो, "देश र जनताको सेवा गर्छौं भन्नेहरूले जानाजान गल्ती गर्नु जनताप्रति बेइमान गर्नु हो । कार्यकर्ताहरू राजनीतिक रूपले परिपक्व हुन जनताको बिचमा पुगेर अध्ययन र अनुभवसहित सिक्नु आवश्यक छ ।"

अध्यक्ष बिजुक्छेँले थप्नुभयो, "निर्वाचनमा प्रतिक्रियावादीहरूले भित्री र बाहिरी रूपमा जालझेल गरेर जनताका उम्मेदवारलाई हराउँछन् । यसकारण कार्यकर्ताहरूको जीउभरी आँखा हुनु आवश्यक छ ।"

दुई-चार वर्ष फूटबल खेल्दैमा कोही पनि पोख्त खेलाडी नहुने उल्लेख गर्दै उहाँले राजनीतिमा पनि पनि २/४ वर्षमै कोही परिपक्व नेता नबने स्पष्ट पार्नुभयो ।

बैठकमा पार्टी सचिव प्रेम सुवालले पार्टी केन्द्रीय समितिको प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो ।

बैठकमा केन्द्रीय सदस्यहरुको प्रतिवेदन प्रस्तुति चालू रह्यो ।

बैठक आइतबारसम्मको लागि स्थगित भएको छ ।

# अमेरिका इजरायल र इरानबिचको युद्धप्रति अमेरिकी जनता असहमत




वासिङ्टन, २१ चैत (एजेन्सी) । रोयटर्स र इप्सोस समूहबाट अप्रिल ३ तारिख संयुक्त जारी भएको सर्वेक्षणअनुसार, अमेरिकी जनताले वर्तमान अमेरिका- इजरायलले इरानमाथि गरेको सैनिक आक्रमणप्रति समग्र रूपमा नकारात्मक दृष्टिकोण राखेका छन् । द्वन्द्वले अर्थतन्त्र, सुरक्षा र मध्यपूर्वको अवस्थालाई पार्ने असरबारे उनीहरूले चिन्ता पनि गरेका छन् ।

मार्च २७ तारिखदेखि २९ सम्म गरिएको उक्त राष्ट्रिय सर्वेक्षणमा १०२१ जना अमेरिकी वयस्कहरू सहभागी थिए । परिणामअनुसार, ५६ प्रतिशत साक्षात्कारकर्ताले द्वन्द्वबाट व्यक्तिगत वित्तीय अवस्थामाथि नकारात्मक असर पर्ने विश्वास गर्छन् । त्यसैगरी, ८६ प्रतिशत साक्षात्कारकर्ताहरूलाई अमेरिकी सैनिकको सुरक्षाबारे चिन्ता लागेको छ । जनताले मध्यपूर्वको परिस्थितिबारे नकारात्मक मूल्याङ्कन लिनुका साथै ५२ प्रतिशत साक्षात्कारकर्ता क्षेत्रीय स्थिरता बिग्रने अनुमान गरेका छन् ।

त्यसबाहेक ७५ प्रतिशत बढी अमेरिकीहरूले इरानमा स्थल सेना पठाउने कुराको विरोध गरेका छन् ।

पछिल्लो अमेरिकी गुप्तचर मूल्याङ्कनअनुसार इरानसँग अझै पनि उल्लेखनीय सैन्य आक्रमण क्षमता कायम रहेको देखिएको छ ।

प्रतिवेदनका अनुसार अमेरिका र इजरायलले एक महिनाभन्दा अघि गरेको व्यापक आक्रमणपछि पनि इरानका करिब आधा मिसाइल प्रक्षेपण प्रणाली सुरक्षित रहेका छन् भने हजारौँ एकतर्फी आक्रमण ड्रोन अझै प्रयोगका लागि तयार अवस्थामा छन् ।

गुप्तचर जानकारीसँग परिचित एक स्रोतका अनुसार इरान अझै पनि सम्पूर्ण क्षेत्रमा ठुलो क्षति पुऱ्याउन सक्षम रहेको बताइएको छ ।

यसैगरी, इरानसँग ठुलो सङ्ख्यामा मिसाइलहरू र तटीय रक्षा प्रणालीका रूपमा प्रयोग हुने क्रुज मिसाइलहरूको उल्लेखनीय हिस्सा अझै बाँकी रहेको जनाइएको छ । यी क्षमता होर्मुज जलडमरूमध्य नियन्त्रणका लागि महत्त्वपूर्ण मानिन्छन् ।

इरानको नियमित नौसेनाका धेरै जहाजहरू नष्ट भए पनि इस्लामिक रिभोलुसनरी गार्डसँग सम्बन्धित छुट्टै नौसैनिक बलले अझै करिब आधा क्षमता जोगाइराखेको बताइएको छ । यसअन्तर्गत सयौँदेखि हजारौँसम्म साना डुङ्गा तथा मानवविहीन जलयानहरू बाँकी रहेका छन् ।


*बाँकी पृष्ठ ८ मा*


# जनताको समस्या समाधान गर्न नेमकिपा लागिरहने




भक्तपुर, २१ चैत । नेपाल क्रान्तिकारी महिला सङ्घ भनपा वडा नं. ९ स्थित तुमचो दुगुरे चोखा एकाइ समितिको आयोजनामा शुक्रबार स्थानीय जनताको भेला गरी बिस्का जात्राको शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा पार्टीका केन्द्रीय सदस्य एवं भनपा वडा नं. ९ का वडाध्यक्ष रवीन्द्र ज्याख्वले प्रतिनिधिसभा निर्वाचनमा मादल चिह्नमा मतदान गरेकोमा सबैलाई धन्यवाद ज्ञापन गर्नुभयो ।

उहाँले नेमकिपा कामदार जनताकै माझमा जन्मे हुर्केको चर्चा गर्दै जनताको समस्या समाधान गर्न तथा देशको सार्वभौमसत्ता रक्षाको आन्दोलनमा निरन्तर लागिरहने प्रस्ट पार्नुभयो ।

पार्टीबाट निर्वाचित भई भक्तपुर नगरपालिकामार्फत जनताको आर्थिक, सामाजिक र सांस्कृतिक स्तर उठाउन विभिन्न गतिविधिहरू गरिरहेको चर्चा गर्दै वडाध्यक्ष ज्याख्वले खानेपानीको समस्या समाधानमा क्रियाशील भइरहेको उल्लेख गर्नुभयो ।

पार्टी तुमचो दुगुरे एकाइ समितिका बीआर प्रजापतिले नयाँ पुस्तालाई समाजप्रति उत्तरदायी बनाउन तथा देशभक्त नयाँ पुस्ता तयार गर्न घरपरिवार, विद्यालय, कलेज, साथी सङ्गतिबाट नै असल संस्कार सिकाउनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

नेपाल क्रान्तिकारी महिला सङ्घका छोरीमैया सुजखुले नगरपालिकाले स्थानीय जनताको भावनाबमोजिम समय समयमा स्वास्थ्य उपचारसम्बन्धी शिविरहरू सञ्चालन भइरहेको अवगत गराउनुभयो ।

कार्यक्रममा महिला सङ्घका चन्द्रलक्ष्मी दुवाल र मनिता किजुले पनि बिस्का जात्राको सांस्कृतिक महत्त्वबारे चर्चा गर्दै विकृति र अपराधबाट टाढा रहन आग्रह गर्नुभयो ।

व्यङ्ग्यचित्र कुनो






**दिउँसो मापसे चेकिङमा ट्राफिक प्रहरी**

काठमाडौँ महानगरपालिका-९ स्थित सिनामङ्गल क्षेत्रमा शनिबार दिउँसो दुईपाङ्ग्रे सवारीचालकहरूको मादक पदार्थ सेवन (मापसे) परीक्षण गर्दै ट्राफिक प्रहरी । *तस्बिरः विमलबहादुर विष्ट/रासस*

# मानवशास्त्री सुरेश ढकालसँग अन्तरसंवादः ‘इतिहास, समाज र संस्कृति’ माथि बहस

भक्तपुर, २१ चैत । मानवशास्त्री डा. सुरेश ढकालसँग इतिहास, मानवशास्त्र, संस्कृति तथा समसामयिक समाजका बहुआयामिक विषयमा केन्द्रित अन्तरसंवाद कार्यक्रम शुक्रबार सम्पन्न भएको छ ।

बुक क्लब, भक्तपुरको आयोजनामा सम्पन्न उक्त कार्यक्रममा इतिहासको स्वरूप, ज्ञान उत्पादन, संस्कृति, पहिचान र विकासका प्रश्नहरूलाई लिएर बौद्धिक बहस गरिएको थियो ।




कार्यक्रममा डा. सुरेश ढकालले ‘मान्छे’ लाई बुझ्न केवल जैविक आधार पर्याप्त नहुने उल्लेख गर्दै सामाजिक, सांस्कृतिक र राजनीतिक सन्दर्भलाई सँगै विश्लेषण गर्नुपर्ने धारणा राख्नुभयो । उहाँले इतिहासलाई विगतको स्थिर अभिलेखको रूपमा नभई वर्तमान समाज बुझ्ने सशक्त उपकरणका रूपमा व्याख्या गर्नुभयो । “इतिहास कसले लेख्छ र कसको कथा छुट्छ भन्ने प्रश्न सधैं शक्ति र राजनीतिसँग गाँसिएको हुन्छ”, उहाँले भन्नुभयो ।

नेपालको इतिहास लेखनबारे चर्चा गर्दै उहाँले विशेषगरी सीमान्तकृत समुदायका अनुभव र आवाज मुख्यधारको इतिहासमा समेटिन नसकेको बताउनुभयो ।

कार्यक्रममा उहाँको कृति ‘इतिहास अघिको इतिहास’ को सन्दर्भमा विस्तृत छलफल गरिएको थियो । उक्त कृतिको वैचारिक पृष्ठभूमिबारे प्रकाश पार्दै उहाँले इतिहासलाई पुनर्विचार गर्ने, स्थापित मान्यतामाथि प्रश्न उठाउने प्रयास भएको बताउनुभयो । स्रोत सामग्रीमा अङ्ग्रेजी सामग्रीको बाहुल्य देखिनु नेपाली ज्ञान उत्पादन संरचनाको कमजोरीसँग जोडिएको उल्लेख गर्दै उहाँले राज्यले अनुसन्धान तथा प्रकाशनका लागि आवश्यक वातावरण र लगानी अझै पर्याप्त रूपमा गर्न नसकेको धारणा राख्नुभयो ।

उहाँले नेपालको शिक्षा प्रणालीबारे चिन्ता व्यक्त गर्दै शिक्षा सुधार र अनुसन्धान प्रवर्द्धनका लागि राज्यले अपेक्षित ध्यान दिन नसकेको दुखेसो पोख्नुभयो । प्रागऐतिहासिक अध्ययन-अनुसन्धान अत्यन्त खर्चिलो, जटिल र समयसाध्य हुने भएकाले यस क्षेत्रमा पर्याप्त लगानी आवश्यक पर्ने उहाँको भनाइ थियो ।

संस्कृति र आधुनिकताबिचको सम्बन्धबारे बोल्दै उहाँले परम्परा स्थिर नभई निरन्तर रूपान्तरण हुने प्रक्रिया भएको स्पष्ट पार्नुभयो ।

उहाँले यस क्षेत्रलाई ‘जीवित सांस्कृतिक सङ्ग्रहालय’ का रूपमा व्याख्या गर्नुभयो । सहरीकरण र आधुनिकीकरणका प्रभावका बाबजुद पनि यहाँको सांस्कृतिक निरन्तरता उल्लेखनीय रहेको उहाँको भनाइ थियो ।

हरिसुन्दर छुकांले कार्यक्रमको औचित्यबारे प्रस्ट पार्नुभयो । कार्यक्रममा सुरेश बखुन्छेले लेखकको परिचय प्रस्तुत गर्नुभयो भने दिनेश प्रधानले लेखकलाई मायाको चिनो प्रदान गर्नुभयो ।

अन्तरसंवादमा सरोजराज गोसाईं, पत्रकार कृष्ण प्रजापति, संस्कृति तथा पुरातत्त्व अध्येता सृजना प्रजापति, शिक्षक केपी छुस्याकी, कृष्णप्रसाद सुवाल, विद्यार्थी राधिका बेकोजु, सुरेश परियारलगायतले विभिन्न जिज्ञासा राख्नुभएको थियो ।

अन्तरसंवादले ज्ञान आदानप्रदानका साथै समसामयिक मुद्दामाथि गहिरो बौद्धिक बहसको वातावरण सिर्जना गरेको आयोजकले जनाएको छ ।

तीन दशकभन्दा बढी समयदेखि मानवशास्त्रको अध्ययन, अनुसन्धान र अध्यापनमा सक्रिय डा. सुरेश ढकाल हाल त्रिभुवन विश्वविद्यालयअन्तर्गत मानवशास्त्र केन्द्रीय विभागमा प्राध्यापनरत हुनुहुन्छ । उहाँले ‘पोलिटिकल एन्थ्रोपोलोजी’ मा विद्यावारिधि र नर्वेको University of Bergen बाट एथ्नोआर्कियोलोजीमा एमफिल तथा त्रिभुवन विश्वविद्यालयबाट ‘इकोलोजी एन्ड सब्सिस्टेन्स’ र ‘डेभलपमेन्ट एन्थ्रोपोलोजी’ मा स्नातकोत्तर गर्नुभयो ।

उहाँले सन् २०१० मा Cornell University मा वेनर-ग्रेन आईडीजी फेलो र सन् २०१६ मा Kyoto University मा भिजिटिङ रिसर्च फेलोका रूपमा पनि कार्य गरिसक्नुभएको छ ।

उहाँका Land and Agrarian Questions (२०१४), Peasant Studies in Nepal (२०२०) र Rural Unrest in Nepal (२०२१) जस्ता कृतिहरू प्रकाशित छन् । प्राज्ञिक क्षेत्रका अतिरिक्त उहाँ सीमान्तकृत समुदायका आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारका विषयमा पनि सक्रिय हुनुहुन्छ ।

# स्वास्थ्यकर्मीलाई न्यूनतम पारिश्रमिक प्रदान गर्न निर्देशन

काठमाडौँ, २१ चैत । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले निजी मेडिकल तथा डेण्टल कलेज र अस्पतालहरूलाई नर्सलगायत स्वास्थ्यकर्मीहरूलाई न्यूनतम पारिश्रमिकलगायत सेवा सुविधाहरू उपलब्ध गराउन निर्देशन दिएको छ ।

मन्त्रालयअन्तर्गत नीति, योजना तथा अनुगमन महाशाखाले (एशोसिएशन आफ प्राइभेट हेल्थ इन्स्टिच्युसन अफ नेपाल (अफिन), नेपाल मेडिकल तथा डेण्टल कलेज एशोसिएशनलाई हालै एक पत्र जारी गर्दै सरोकारवाला पक्षहरूसँग गत कार्तिक १५ गते भएको सहमति कार्यान्वयन गर्न आग्रह गरेको हो । उक्त सहमतिअनुसार सेवा सुविधा र न्यूनतम पारिश्रमिक उपलब्ध गराउनुपर्ने भए पनि केही संस्थाहरूले कार्यान्वयन नगरेको गुनासो आएपछि मन्त्रालयले यस्तो निर्देशन दिएको जनाएको छ ।

सम्झौताअनुसार निजी मेडिकल कलेजहरूले आफ्नो शिक्षण अस्पतालहरूमा कार्यरत नर्सलगायत स्वास्थ्यकर्मीहरूलाई नेपाल सरकारको कम्तीमा पाँचौँ तहको सुरु तलब स्केल हालको रु. ३४ हजार ७३० कार्तिक महिनादेखि नै दिने र अन्य निजी तथा सामुदायिक अस्पतालहरू तथा डेण्टल कलेजहरूले हालको तलब ३४ हजार ७३० को ८० प्रतिशत तलब उपलब्ध गराउनुपर्ने भनिएको थियो ।

पत्रमा सहमतिअनुसार पारिश्रमिक नदिइएको पाइएमा आवश्यक कारबाही प्रक्रिया अघि बढाइने मन्त्रालयले जनाएको छ । मन्त्रालयले सम्बन्धित निकायहरूलाई अनुगमन गरी सहमति कार्यान्वयन सुनिश्चित गर्न आग्रह गरेको छ ।

# ख्वप कलेजमा HSK प्रमाणपत्र वितरण कार्यक्रम



भक्तपुर, २१ चैत । ख्वप कलेजले HSK प्रमाणपत्र वितरण कार्यक्रम आयोजना गर्दै चिनियाँ भाषा अध्ययनमा उत्कृष्ट उपलब्धि हासिल गर्ने विद्यार्थीहरूलाई सम्मान गरेको छ ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका उपमेयर राजनी जोशी, काठमाडौँ विश्वविद्यालयको कन्फुसियस इन्स्टिच्युटका निर्देशक प्रा. डा. ली शुआङचेंग, ख्वप कलेजका प्रिन्सिपल प्रकाशकुमार श्रेष्ठ तथा ख्वप माध्यमिक विद्यालयका प्रिन्सिपल लक्ष्मीप्रसाद कर्माचार्यको उपस्थिति रहेको थियो ।

कार्यक्रममा उपमेयर राजनी जोशीले ख्वप कलेजलाई चिनियाँ भाषा तथा सांस्कृतिक आदानप्रदान केन्द्रको रूपमा विकास गर्ने र नेपाल-चीन सम्बन्धलाई अझ सुदृढ बनाउने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

कन्फुसियस इन्स्टिच्युटका चिनियाँ भाषा शिक्षक प्रणय चित्रकारलाई विद्यार्थीहरूलाई उत्कृष्ट नतिजा हासिल गराउन सहयोग पुऱ्याएको र ख्वप कलेज तथा इन्स्टिच्युटबिचको सहकार्य सुदृढ बनाएको भन्दै सम्मान गरिएको थियो ।

चिनियाँ एम्बेसीद्वारा आयोजित ‘चाइनीज ब्रिज’ अन्तर्राष्ट्रिय प्रतियोगितामा नेपाल प्रतिनिधित्व गरेका विजेता सुषान्त लोहलाले आफ्नो सफलताको आधार ख्वप कलेज भएको बताउँदै कलेज तथा शिक्षकप्रति कृतज्ञता व्यक्त गर्नुभयो ।

कार्यक्रममा क्यालिग्राफी, नृत्य, गायन, चिया संस्कृति तथा पेपर कटिङजस्ता सांस्कृतिक प्रस्तुतिहरू प्रदर्शन गरिएका थिए ।

कार्यक्रमले शैक्षिक उत्कृष्टता तथा चिनियाँ भाषा शिक्षाको बढ्दो महत्त्वलाई उजागर गरेको छ ।

# लगानीको लागि नियमित सङ्गत र सुरक्षित प्रक्रियामा प्रतिबद्धता आवश्यक

भक्तपुर, २१ चैत । सहकारी क्षेत्रमा बढ्दै गएको खराब कर्जाको समस्या समाधानका लागि व्यावहारिक पक्षलाई मात्र नहेरी कानुनी प्रक्रियालाई प्रभावकारी बनाउनुपर्नेमा सरोकारवालाहरूले जोड दिएका छन् ।

जिल्ला बचत तथा ऋण सहकारी सङ्घ लि.को सहकारी समन्वय उपसमितिद्वारा आयोजित ‘सहकारीमा कर्जा असुली न्यायाधीकरणसम्बन्धी अभिमुखीकरण कार्यक्रम’ मा विज्ञहरूले यस्तो धारणा राखेका हुन् ।

उक्त कार्यक्रममा सङ्घका अध्यक्ष हरिकृष्ण बल्लले सहकारीहरूले ऋण लगानी गर्दा कानुनी प्रक्रियाभन्दा व्यवहारिकतालाई बढी प्राथमिकता दिँदा समस्या सिर्जना भएको बताउनुभयो ।

उहाँले भन्नुभयो, “कानुनी ज्ञानको अभावमा प्रमाणहरू अपुरो हुने र आन्तरिक प्रक्रियामा गल्ती हुने गरेको छ, जसले गर्दा सहकारी आफै सङ्कटमा पर्ने गरेका छन् । अब सुरक्षित लगानीका लागि नियमसङ्गत र सुरक्षित प्रक्रियामा प्रतिबद्ध हुनुको विकल्प छैन ।”

सङ्घका उपाध्यक्ष एवं सहकारी समन्वय उपसमितिका संयोजक जगन्नाथ प्रजापतिले ६९ औँ राष्ट्रिय सहकारी दिवसको सन्दर्भ पारेर यो कार्यक्रम आयोजना गरिएको जानकारी दिनुभयो । उहाँले संस्थाहरूले भोगिरहेका कानुनी अड्चन फुकाउन र ऋण असुलीलाई प्रभावकारी बनाउन सङ्घले सधैँ सहयोग गर्ने बताउनुभयो ।

सहकारी कर्जा असुली न्यायाधीकरणका शाखा अधिकृत तथा सूचना अधिकारी नवीन मैनालीले न्यायाधीकरणको गठन, उद्देश्य र ऋण असुलीका लागि आवश्यक कानुनी प्रक्रियाबारेमा कार्यपत्र प्रस्तुत गर्नुभयो ।

उहाँले सहकारीहरूमा ब्याज गणना गर्ने विधि फरक-फरक हुँदा दाबी रकम निश्चित गर्न समस्या भइरहेको औँल्याउनुभयो । उहाँले सबै सहकारीहरूले एउटै प्रकारको ब्याज तथा हर्जाना लगाउने विधि लागू गर्नुपर्ने सुझाव दिँदै न्यायाधीकरणले भाखा नाघेको ऋणलाई छिटो र छरितो ढङ्गबाट असुलउपर गर्न सहयोग पुऱ्याउने विश्वास दिलाउनुभयो ।

कार्यक्रममा सङ्घका प्रमुख कार्यकारी अधिकृत बालकृष्ण धोजुले भाखा नाघेको ऋण असुलीका लागि विविध विधि र तरिकाहरू हुने भए पनि कानुनी असुली नै सबैभन्दा उत्तम र दिगो विकल्प भएको बताउनुभयो ।

उहाँले भन्नुभयो, “सबै रोगको उपचार एउटै औषधिले हुँदैन, तर सहकारीको हकमा कानुन सम्मत प्रक्रिया अपनाउनु नै सबैभन्दा भरपर्दो विधि हो ।”

कार्यक्रममा जिल्ला सङ्घमा आबद्ध बचत तथा ऋण सहकारीका अध्यक्ष, व्यवस्थापक तथा ऋण विभागमा कार्यरत कर्मचारीहरूको उपस्थिति थियो । सहभागीहरूले न्यायाधीकरणको कार्यविधि र ऋण असुलीमा आइपर्ने व्यावहारिक जटिलताहरूका बारेमा जिज्ञासा राखेका थिए । सहकारी क्षेत्रमा देखिएको वर्तमान तरलता र ऋण असुलीको चुनौतीलाई मध्यनजर गर्दै आयोजना गरिएको यो अभिमुखीकरणले सदस्य संस्थाहरूलाई आफ्नो लगानी सुरक्षित गर्न र कानुनको दायराभित्र रहेर असुली प्रक्रिया अघि बढाउन मार्गनिर्देशन गरेको आयोजकको भनाइ छ ।

# विद्यालय ज्ञानबाहेक संस्कार सिक्ने र चरित्र निर्माण गर्ने थलो

भक्तपुर, २१ चैत । लिशा इङ्लिस सेकेन्डरी स्कूलले पीजीदेखि एसकेजीसम्मका अभिभावकहरूलाई असल अभिभावकत्व कलाको अभिमुखीकरण तथा विद्यालयको वार्षिक समीक्षा कार्यक्रम शनिबार ब्रह्मायणी पार्टी प्यालेसमा आयोजना गऱ्यो ।

पहिलो चरणअन्तर्गत भएको अभिमुखीकरण कार्यक्रममा प्रशिक्षक तुल्सीहरि प्रजापतिले विद्यालय ज्ञान सिक्ने थलो मात्र होइन संस्कार सिक्ने र चरित्र निर्माण गर्ने थलो पनि हो भन्नुभयो ।

संसार परिवर्तन गर्ने एक हतियार शिक्षा भएको औँल्याउँदै उहाँले अभिभावकहरू कम्पासझैँ सही दिशा देखाउने अगुवा हुन्, पहिलो शिक्षक आमाबुबा नै हुन् भन्नुभयो ।

"आफ्ना सन्तानहरूसँग ज्ञान मात्र भएर हुँदैन; उनीहरूसँग ज्ञानको प्रमाणपत्रझैँ संस्कार, व्यवहार पनि हुनुपर्छ ।" उहाँले भन्नुभयो ।

अभिभावकहरू नीति निर्माता, प्रशंसक, स्रोतव्यक्ति र मनोरञ्जक हुनुपर्ने आवश्यकता औँल्याउँदै प्रशिक्षक प्रजापतिले भन्नुभयो, "उहाँहरू नमुना व्यक्ति हुनुपर्छ । शिक्षक, नायक, परिश्रमी, अवलोकनकर्ता र अवसर निर्माता पनि हुनुपर्छ ।"

अभिभावकहरू व्यस्त र मस्त भए पनि अस्तव्यस्त हुन नहुने उल्लेख गर्दै उहाँले आमा बुबा आफ्ना सन्तानसँग कमसेकम एक समयमा खाना या खाजा खानुपर्ने, अभिभावकले समय दिनुपर्नेमा जोड दिनुभयो ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष बलराम प्रजापतिले अभिभावकहरूलाई उत्प्रेरित गर्न, आफ्ना सन्तानप्रति अभिभावकको जिम्मेवारी बोध गराउन कार्यक्रमको आयोजना गरेको बताउनुभयो ।

कृष्णश्वरी दुवालले कार्यक्रमको आवश्यकताबारे चर्चा गर्नुभयो ।

दोस्रो चरणको कार्यक्रममा विद्यालयको वार्षिक समीक्षा गरिएको थियो । समूहमा विभाजन गरेर गरिएको समीक्षामा विद्यालयले प्रदान गरेको अवसर, सबल पक्ष, कमजोरी र चुनौतीबारे छलफल गरिएको थियो । विद्यालय प्रशासन, कर्मचारी व्यवस्थापन, विद्यार्थीको स्थिति, अभिभावकको धारणा, भौतिक पूर्वाधार, परीक्षा र विद्यालयले गर्दै आएको कार्यक्रममा केन्द्रित भएर गरिएको सो छलफलमा आ-आफ्नो जिम्मामा परेको विषयमा सम्पूर्णजसो शिक्षक-शिक्षिकाहरूले आ-आफ्नो तयारी रिपोर्ट प्रस्तुत गर्नुभएको थियो ।

उक्त प्रस्तुतीकरणपछि समापन कार्यक्रम भएको थियो । समापन कार्यक्रममा सहायक प्रधानाध्यापक सुरेश रञ्जितकारले प्रस्तुतीकरणमा उठेका जिज्ञासाबारे प्रस्ट पार्दै विद्यालयको उद्देश्यबारे प्रकाश पार्नुभयो ।

विद्यालय व्यवस्थापन समितिका सदस्य विष्णुगोपाल कुसीले विद्यार्थीको शैक्षिक स्तर उठाएर अभिभावकलाई खुसी पार्नुपर्ने आवश्यकता औँल्याउँदै हरेकले आ-आफ्नो पदअनुसारको आचरण गर्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा सभापति एवं विद्यालय व्यवस्थापन समितिका अध्यक्ष बलराम प्रजापतिले विद्यालय स्थापना र स्थापनापछिका गतिविधिहरूबारे प्रकाश पार्दै अनुशासित, असल, सक्षम, योग्य नागरिक तयार गर्न विद्यालय सञ्चालकहरू निरन्तर लागिपरेको बताउनुभयो ।

कार्यक्रममा कृष्णश्वरी दुवालले पनि बोल्नुभएको थियो ।

# सिद्धि गणेशमा शिक्षा शिविर

भक्तपुर, २१ चैत । सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि. को शिक्षा उपसमितिको आयोजनामा अनिवार्य शिक्षा शिविर सिद्धि गणेश तालिम हल, खँचामा सम्पन्न भयो ।

कार्यक्रममा संस्थाका अध्यक्ष रुद्रनारायण लाखाले एकआपसमा मिली कुनै कार्य गर्नु नै सहकारी हो भन्दै देशमा धेरै पहिलेदेखि गुठी, धर्म भकारी, पर्वको रूपमा सहकारीको सुरुवात भएको उल्लेख गर्नुभयो ।





उहाँले सहकारी संस्थाका सदस्यहरूको अधिकार र दायित्वबारे चर्चा गर्दै अनुत्पादक क्षेत्रमा ऋण लगानी गर्नु सहकारी संस्था समस्यामा पर्नुको मुख्य कारण रहेको बताउनुभयो । उहाँले संस्थाका हरेक सदस्यहरूलाई सहकारीताबारे सचेत गर्दै जानुपर्ने आवश्यकता औँल्याउँदै उचित मूल्यमा गणस्तरीय वित्तीय सेवा प्रदान गरी सदस्यहरूको आर्थिक तथा सामाजिक विकास गर्ने संस्थाको ध्येय रहेको उल्लेख गर्नुभयो ।

कार्यक्रमका सभापति, संस्थाका सचिव एवं उपसमितिका संयोजक विष्णुप्रसाद दुमरुले सदस्यहरूको बचत दुरुपयोग गरी संस्थाको भौतिक सम्पत्ति निर्माण र सञ्चालक एवं कर्मचारीहरूले विभिन्न सेवा सुविधा उपभोग गर्दा संस्था समस्यामा पर्ने उल्लेख गर्दै सहकारी संस्था नीति नियम पालना गरी पारदर्शी बन्नुपर्नेमा जोड दिनुभयो । स्थापनाकालदेखि नै संस्थाले किस्ताबन्दी ऋण प्रदान गरी सदस्यहरूको आर्थिक तथा सामाजिक विकासमा टेवा पुऱ्याउँदै आएको बताउनुभयो ।

कार्यक्रममा संस्थाका व्यवस्थापक शिला गोसाई तथा शिक्षा उपसमितिका सदस्य रामहरि ताम्राकारले पनि बोल्नुभएको थियो ।



**चैते धानखेती**

चितवनको राप्ती नगरपालिका-६, हर्दीस्थित खेतमा हरियाली भएको चैते धान बाली । *तस्बिर: सनद अधिकारी/रासस*

# भिन्तुना साकोसको अर्धवार्षिक समीक्षा



भक्तपुर, २१ चैत । भिन्तुना बचत तथा ऋण सहकारी संस्था लि.को अर्धवार्षिक समीक्षा गोष्ठी नगरकोटस्थित होटेल चौतारीमा शनिबार सम्पन्न भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिका वडा नं. २ का वडाध्यक्ष हरिप्रसाद बासुकलाले भक्तपुर नगरभित्रका सञ्चालनमा रहेका सहकारी संस्थाहरूले सामाजिक सेवा तथा विभिन्न उपलब्धिमूलक क्षेत्रमा लगानी गर्न सके समाज विकासमा टेवा पुग्ने बताउँदै सहकारी संस्थाहरूले बचत तथा ऋणमा मात्र सीमित नरही समय सापेक्ष सदस्यहरूको उत्पादनमूलक क्षेत्रमा लगानी गर्ने, कृषिउपजमा लगानी गरी सोको बजारीकरणलगायतका सामूहिक हितका लागि ज्येष्ठ नागरिकहरूको लागि आदर निकेतन निर्माण गर्नुपर्ने बताउनुभयो ।

उहाँले समुदायमा आधारिक सहकारी संस्थाहरूले सामूहिक लगानीमा सुपथ मूल्य पसलको व्यवस्था गर्न सके उपयुक्त हुने विचार व्यक्त गर्दै समयसापेक्ष तालिमलगायतका सामूहिक हितका लागि काम गर्नुपर्ने बताउनुभयो ।

उहाँले केही सहकारीहरूले रकम अपचलन गरी सर्वसाधारण जनताको बचत रकम जोखिममा पारिरहेको हुँदा सामुदायिक सहकारी संस्थाहरूमा स्थानीय व्यक्तिहरूले मात्र सञ्चालन गर्न पाउने नियम लागू गर्न सके बचत रकम जोगिने प्रस्ट पार्नुभयो ।

कार्यक्रममा संस्थाका अध्यक्ष कृष्णगोविन्द सुवालले संस्थाले वार्षिक रूपमा संस्थागत गतिविधिहरूलाई सूचिकृत गरी प्राथमिकताका आधारमा कार्यक्रमहरू गर्दै आएको जानकारी गराउँदै संस्थाबाट सम्पन्न समीक्षा गोष्ठीबाट आएका सुझावलाई आगामी दिनमा आत्मसात् गर्ने विश्वास दिलाउनुभयो ।

कार्यक्रममा संस्थाका संस्थापक अध्यक्ष एवं पूर्ववडाध्यक्ष आसकुमार कोजुले विगतदेखि नै भिन्तुना साकोसले बचत र निक्षेपमामा सीमिति नरही समुदायको हित र सिङ्गो समाज उत्थानमा सहकारीको नयाँ पुस्तालाई समेटी कुटिल उद्योग र लघुउद्यमशीलता विकासको लागि सहकार्य गर्नुपर्ने बताउनुभयो ।

उहाँले सहकारीले वित्तीय तथा आर्थिक अनुशासन, सहकारी सिद्धान्त र मूल्य मान्यतालाई मनन गर्दै सदस्यहरूको जीविकोपार्जन र आफ्नो रुचिअनुसारको विषयमा सीप विकास गराई सोको व्यवसायीकरणतर्फ अगाडि बढाउनुपर्छ भन्नुभयो ।

कार्यक्रममा सञ्चालक समितिका सचिव कृष्णप्रसाद सुवालले आ.व.२०८२।०८३ को पुस मसान्तसम्मको प्रगति प्रतिवेदन तथा भावी कार्यक्रम, सदस्य शिवकृष्ण कोजूले संस्थाका पदाधिकारीहरूको काम, कर्तव्य र अधिकारबारे प्रस्तुतीकरण गर्नुभएको थियो ।

संस्थाका कोषाध्यक्ष गणेशप्रसाद सुवालले आवको पुस मसान्तसम्ममा शेयरपुँजी ३ करोड ९० लाख ४४ हजार ५ सय र संस्थागत कारोबार सो अवधिसम्ममा ५८ करोड ४२ लाख ४४ हजार १ सय ३६ रुपैयाँ ३ पैसाको आर्थिक विवरण प्रस्तुत गर्नुभयो ।

संस्थाका अध्यक्ष कृष्णगोविन्द सुवालले सभापतित्वमा सम्पन्न सो गोष्ठीमा सञ्चालक समितिका सदस्य चञ्चल सुवालले पनि बोल्नुभयो । गोष्ठीले विभिन्न प्रस्तावहरू पारित गरी कार्यान्वयनको लागि थप नीतिहरू निर्माण गरी अघि बढ्ने निर्णय गरेको थियो ।

# सुकुन्दा साकोसको आयोजनामा स्वास्थ्य शिविर

भक्तपुर, २१ चैत । सुकुन्दा बचत तथा ऋण सहकारी संस्था लि.को आयोजनामा मधुमेह, दन्त तथा थाइराइडसम्बन्धी नि:शुल्क स्वास्थ्य शिविर शनिबार वाइजल्यान्ड स्कूलमा सम्पन्न भएको छ ।

कार्यक्रममा मधुमेह, दाँत तथा थाइराइडसम्बन्धी विशेषज्ञ चिकित्सकद्वारा स्वास्थ्य परीक्षण तथा परामर्श सेवा प्रदान गरिएको थियो । सहभागीहरूले आफ्नो स्वास्थ्य अवस्थाबारे जानकारी लिनुका साथै आवश्यक सुझाव र उपचारसम्बन्धी सल्लाह समेत प्राप्त गरेका थिए ।



सहकारी संस्थाले समुदायको स्वास्थ्यप्रति जागरूकता अभिवृद्धि गर्ने उद्देश्यले यस्तो कार्यक्रम आयोजना गरेको जनाएको छ ।

# मतदाता नामावली भोलिदेखि सङ्कलन गरिँदै

काठमाडौँ, २१ चैत । निर्वाचन आयोगले मतदाता नामावली सङ्कलन तथा अद्यावधिक कार्यक्रम भोलि आइतबारदेखि पुन: सञ्चालन गर्दै छ । आयोगको यही चैत १८ गतेको बैठकले उक्त कार्यक्रम पुन: थाल्ने निर्णय गरेको हो ।

राष्ट्रिय परिचयपत्र नम्बर प्राप्त गरेका नेपालीले त्यसमा निहित विवरण प्रविष्ट गरी अनलाइनबाटै नाम दर्ता गर्नसक्ने छन् ।

आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईका अनुसार राष्ट्रिय परिचयपत्र नबनाएकाले आयोगको 'प्रि-इन्रोलमेन्ट' प्रणालीमार्फत अनलाइन फाराम भरी फोटो तथा औँठाछापसहितको जैविक विवरण प्रविष्ट गर्नुपर्ने छ । प्रदेश र जिल्ला निर्वाचन कार्यालयबाट नाम दर्ता गर्न सकिने छ ।

। सम्पादकीय ।

# राजनीतिक सचेतनाको लागि भ्रातृ सङ्गठन आवश्यक

आफ्नो दलको कुनै पनि वर्गीय सङ्गठन छैन भनेर अरू दलको विभिन्न वर्गीय सङ्गठन खोल्न नपाउने रास्वपाको विचार खोटपूर्ण छ । राजनीतिक दलले वर्गीय सङ्गठन खोलेर सरकारले केही व्यहोर्नुपर्ने होइन; राज्यकोष खर्च गर्नुपर्ने होइन । रास्वपाले कुनै पनि प्रकारका भ्रातृ सङ्गठन खोल्न पाउँदैन भन्नु दल खोल्ने राजनीतिक अधिकार र वाक् स्वतन्त्रताको हनन गर्नु हो । दलको वर्गीय सङ्गठन खोलेर जनताले तिरेको करबाट कसैलाई तलब र भत्ता दिनुपर्ने होइन । पुस्तान्तरण सुनिश्चित गर्ने नाउँमा पार्टी प्रमुख पदमा दुई कार्यकालभन्दा बढी बस्न नपाउने रास्वपाको अर्को विचार पनि खोटपूर्ण छ । कुनै दलको कार्यकाल अवधि तोक्ने अधिकार के रास्वपा सरकारलाई छ ? रास्वपाको सरकारले प्रधानमन्त्री बन्ने अवधिको दुई कार्यकाल निर्धारण गर्नु अन्यथा होइन ।

देशमा खोलिएका राजनीतिक दलहरू सरकारी संयन्त्र होइनन्; सरकारी निकाय होइनन् । राजनीतिक दलको उद्देश्य देश विखण्डन गर्ने हुनुहुँदैन । देश र जनताको सेवा गर्न स्थापना भएको दललाई सरकारी कार्यालय, सरकारी संस्थाजस्तो ठान्ने रास्वपाको सोच र दृष्टिकोण सही होइन । कतै यो रास्वपाभित्र देखिएको विदेशीको गन्ध या दबाब त होइन ? राजनीतिक दल भनेको मातृ पार्टी हो । मातृ पार्टीको  वर्गीय सङ्गठन हुन्छ । वर्गीय सङ्गठन पार्टीका हात खुट्टा हुन् । वर्गीय सङ्गठन खोल्न पाइँदैन भनेर रास्वपाले कुनै दल र दलको वर्गीय सङ्गठनको व्यवस्था हटाउने रास्वपाको विचार राजनीतिक सङ्गठन खोल्न पाउने विचारविपरीत छ ।

प्रजातान्त्रिक देशमा राजनीतिक दल खोल्न पाउनुपर्छ; वर्गीय सङ्गठन खोल्न पाउनुपर्छ । हरेक वर्गीय सङ्गठन आ-आफ्नो वर्ग या पक्षको समस्या समाधान गर्न र देशमा श्रमजीवी वर्गको हितमा ऐन कानुन बनाउन किसान, मजदुर, विद्यार्थी, युवा, शिक्षक, महिला, कर्मचारी, व्यापारी, बुद्धिजीवी, साहित्यकार तथा अन्य समुदायले आन्दोलन गर्नुपर्ने हुन्छ; सरकारको खबरदारी गर्नुपर्ने हुन्छ । रास्वपाको वर्गीय सङ्गठन नभए पनि रास्वपाले पाएको मतमा युवा, विद्यार्थी, किसान, मजदुर, महिला, कर्मचारी, शिक्षक आदिको मत छ । सरकार सञ्चालन गर्न के बहुमत प्राप्त दलका नेता, मन्त्री र सांसदहरू मात्र भए पुग्छ ? सरकारको पनि विभिन्न मन्त्रालय हुन्छ, विभिन्न सङ्घ-संस्था हुन्छ । कार्यपालिकामात्र होइन व्यवस्थापिका र न्यायपालिका छ । त्यसअन्तर्गतका विभिन्न जिल्ला शाखा तथा अन्य संयन्त्रहरू छन् । त्यसरी नै राजनीतिक दलको पनि विभिन्न वर्गीय सङ्गठन हुन्छ । रास्वपाको सरकारले राजनीतिक दलको वर्गीय सङ्गठनमा प्रतिबन्ध गर्नुपर्ने होइन ।

विदेशी गैरसरकारी संस्थामा क्रियाशील व्यक्तिहरूको हालीमुहाली भएको रास्वपाले राजनीतिक दलको वर्गीय सङ्गठन हटाउने ? जेन-जी आन्दोलनको नेतृत्व गर्ने अगुवाहरू अहिले सरकारको नेतृत्वमा छन्; मन्त्रीमा छन् । जेन-जी आन्दोलनमा आन्दोलनका अगुवाहरू आफै विदेशी घुसपैठ भएको बताउँछन् । आन्दोलनको नेतृत्व गर्ने विदेशी गैरसरकारी संस्थाका अगुवाहरूले आन्दोलनमा प्रत्यक्ष या अप्रत्यक्ष कुन विदेशी शक्तिको घुसपैठ भएको हो ? बताउनुपर्छ । आफू विदेशी सङ्घ संस्थाबाट सञ्चालित हुन पाउने अनि देशमा खोलिएका राजनीतिक दलहरूले वर्गीय सङ्गठन खोल्न नपाउने कस्तो विचार ! रास्वपाले यस्तो खोटपूर्ण विचार सच्याउनु आवश्यक छ ।

जनवर्गीय सङ्गठन खोल्ने, नखोल्ने कुरा पार्टीको कुरा हो; सरकारको होइन । पार्टीमा अध्यक्ष कसलाई चुन्ने र कति पटक चुल्ने कुरा पार्टीको हो, सरकारको होइन । पार्टी खोल्ने, नखोल्ने, कार्यकाल तोक्ने, नतोक्ने सबै काम पार्टीले गर्ने हो । पार्टीको नाउँ राख्ने, केन्द्रीय समितिको सदस्य सङ्ख्या निर्धारण गर्ने काम पार्टीको हो सरकारको होइन । कसलाई अध्यक्ष बनाउने, कति पटक बनाउने भन्नेतर्फ सरकारले हस्तक्षेप गर्नु उपयुक्त हुने छैन । जनवर्गीय सङ्गठन खोल्ने नखोल्ने, कुन कुन सङ्गठन खोल्ने भन्नेबारे सरकारले चिन्ता र चासो लिनुपर्ने होइन । सरकारले त कुन कुन दलहरू विदेशी शक्ति राष्ट्रको इसारामा चल्छन् ?, साम्प्रदायिक र जातीय भावना भित्र्याएर देशमा कुन कुन दलले अराजनीतिक गतिविधि गरिरहेका छन् ? त्यसको पो लेखाजोखा गर्नुपर्छ ।

# पुँजीवादबारे मार्टिन लुथर किङका विचार

✍ एमएलके ग्लोबल



मार्टिन लुथर किङले आजीवन पुँजीवादबारे बोलिरहे । उनका शब्दहरू आज पनि उत्तिकै शक्तिशाली छन् । विश्वमा उथलपुथल भइरहेको बेला उनले पुँजीवादलाई जस्तो देखे, पुँजीवादको त्यो चरित्र फेरिएको छैन ।

"तपाइँलाई थाहा होला, मेरो आर्थिक सिद्धान्त पुँजीवादीभन्दा बढी समाजवादी छ । (पुँजीवाद) महान् र उच्च लक्ष्यका साथ सुरु भएको थियो । तर, अन्य मानवीय प्रणालीजस्तै यो पनि त्यसकै सिकार भयो, जसका विरुद्ध यसले विद्रोह गरेको थियो । त्यसैले आज पुँजीवादले आफ्नो उपयोगिता गुमाएको छ ।"

\- कोरेट्टा स्कट, १९५२ जुलाई १८

"एक अर्थमा 'हामी वर्गसङ्घर्षमा होमिएका छौँ' भन्न सक्नुहुन्छ ।"

\- न्युयोर्क टाइम्सका संवाददाता होजे इगेल्सियाससँग, १९६८

"अनि एक दिन हामीले सोध्नुपर्नेछ, 'अमेरिकामा चार करोड जनता किन गरिब छन् ?' यो प्रश्न गर्न थाल्नुभयो भने तपाइँले अर्थ व्यवस्थाबारे, सम्पत्तिको व्यापक वितरणबारे प्रश्न उठाएको ठहरिनेछ । यो प्रश्न गर्नुभयो भने तपाइँले पुँजीवादी अर्थनीतिबारे प्रश्न गर्न थाल्नुहुनेछ । मैले बारम्बार यो कुरा भन्दै छु - हामीले समग्र समाजमाथि प्रश्न उठाउनुपर्छ ।"

\- जर्जियाको एट्लान्टा सहरमा आयोजित एक क्रिस्चियन नेतृत्व सभामा दिइएको मन्तव्यबाट, १९६७ अगस्ट १६

"प्रजातन्त्र वा प्रजातान्त्रिक समाजवाद जे भने पनि हुन्छ । तर, यो देशमा ईश्वरका सबै सन्तानका लागि धनको उचित वितरण हुनैपर्छ ।"

\- अश्वेत अमेरिकी मजदुर परिषद्मा दिइएको मन्तव्यबाट, १९६१

"अब हामीले मान्नैपर्छ - आर्थिक र राजनीतिक सत्तामा आमूल पुनर्वितरण नगरेसम्म हाम्रो समस्या समाधान गर्न सकिन्न । यसको अर्थ क्रान्तिकारी मूल्यमान्यताजस्ता कुरा चाहिन्छ । अब हामीले मान्नैपर्छ - जातिवाद, आर्थिक शोषण र सैन्यवादका विकृतिहरूले आपसमा घाँटी जोडेका छन् । यी दुस्ट्याइँमध्ये एउटाबाट मात्र छुटकारा पाउन सकिन्न । एउटाबाट छुटकारा पाउन बाँकी दुईबाट पनि छुटकारा पाउनुपर्ने हुन्छ । अमेरिकी जीवनको समग्र संरचना नै बदल्नुपर्छ । अमेरिका एउटा पाखण्डी राष्ट्र हो र हामीले हाम्रै घरलाई ठाउँमा ल्याउनुपर्छ ।"

\- दक्षिणी क्रिस्चियन नेतृत्व सभामा बुझाइएको प्रतिवेदन, १९६७ मे

"सैन्यवादका विकृतिहरू जस्तै, जातिवादका विकृतिहरू जस्तै, पुँजीवादका विकृतिहरू पनि वास्तविक हुन् ।"



\- दक्षिणी क्रिस्चियन नेतृत्व सभामा दिइएको मन्तव्य, १९६७ मार्च ३०

"अब म विश्वस्त छु, सबैभन्दा सरल तरिका नै सबैभन्दा प्रभावकारी हुनेछ । हिजोआज एकदम बहस गरिएको 'सुनिश्चित आय' लाई पूर्ण उन्मूलन गर्नु नै गरिबीको समाधान हो । हाम्रो युगमा गरिबीको श्रापलाई कसैगरी ढाकछोप गर्न सकिन्न । सामाजिक रूपमा गरिबी त्यति नै क्रूर र अन्धो छ जति सभ्यताको थलनीमा रहेको मान्छेको मासु खाने चलन । त्यति बेला मान्छेले एकअर्काको मासु खान्थे किनभने उनीहरूले खेती गरेर खाना जुटाउन वा आसपास बग्रेल्ती पाइने जनावरको मासु खान सिकेका थिएनन् । समय आइसकेको छ, अब हामीले गरिबीलाई पूरै, सिधै र तुरुन्तै उन्मूलन गरेर आफूलाई सभ्य बनाउनुपर्छ ।"

\- यहाँबाट हामी कहाँ जाने ?, १९६७

"अरबौँ डलरको धनसम्पत्तिबारे कुरै नगरी काला जातिको आर्थिक समस्या समाधान गर्ने विषय उठाउन सकिन्न । 'झुपडपट्टीहरूबाट नाफा निचोर्ने परिपाटी बन्द गर्नुपर्छ' नभनी झुपडपट्टीहरू हटाउने कुरा गर्न सकिन्न । त्यो स्थितिमा तपाइँ खतरनाक मैदानमा पस्नुहुनेछ किनभने तपाइँले तिनीहरूसँग जोरी खोजेको ठहरिनेछ । तपाइँले उद्योगपतिहरूसँग भिड्नुपर्नेछ । यसको अर्थ, हामी एउटा जटिल यात्रामा होमिनेछौँ किनभने हामीले 'पुँजीवादमा खराबी छ' भनेको मानिनेछ ।"

\- आफ्ना सहकर्मीहरूसँग, १९६६

"हामी 'पुँजीवादमा खराबी छ' भन्दै छौँ । धनको उचित वितरण हुनुपर्छ । अमेरिका संभवत: प्रजातान्त्रिक समाजवादतर्फ जानुपर्छ ।"

\- आफ्ना समकर्मीहरूसँग, १९६६

"अमेरिकाले गरिबी अन्त्य गर्न आफ्नो अपार स्रोत-सम्पत्ति प्रयोग गर्दैन भने, ईश्वरका सबै सन्तानका आधारभूत आवश्यकता परिपूर्ति गर्ने वातावरण तयार गर्दैन भने यो पनि नर्कमा जानेछ ।"

\- हत्या हुनुभन्दा दुई साताअघि मेम्फिस सहरका सरसफाइ मजदुरहरूले गरेको हडतालको समर्थनमा बिशप चार्ल्स मेसन मन्दिरमा राखिएको मन्तव्य, १९६८ मार्च १८,

**को थिए मार्टिन लुथर किङ ?**

मार्टिन लुथर किङको जन्म १९२९ जनवरी १५ गते भएको थियो । उनी अमेरिकी पादरी र अभियन्ता थिए । सन् १९५४ पछि उनी एक नागरिक अधिकार आन्दोलनका नेताको रूपमा देखापरे । अन्तिम साससम्म उनी यो सङ्घर्षका प्रवक्ता रहे । सन् १९५५ मा उनले मोन्टगोमेरी बस बहिष्कार आन्दोलनको नेतृत्व गरे । सन् १९५७ मा उनले 'दक्षिणी क्रिस्चियन नेतृत्व सभा' नामक सङ्गठनको स्थापना गरे । उनी यसका संस्थापक अध्यक्ष बने । यही सङ्गठनको बलमा उनले सन् १९६३ मा अलाबामाको बर्मिङ्घम सहरमा अहिंसात्मक विरोध प्रदर्शन आयोजना गरे । सोही वर्ष मार्च महिनामा उनले वासिङ्टन सहरमा अर्को जनप्रदर्शन गर्न सहयोग गरे । त्यो जनप्रदर्शनमा उनले दिएको मन्तव्य 'मेरो एउटा सपना छ' प्रसिद्ध भयो । अहिंसात्मक प्रतिरोधमार्फत जातीय असमानताविरुद्ध सङ्घर्ष गरेको हुनाले १९६४ अक्टोबर १४ गते उनले नोबेल शान्ति पुरस्कार प्राप्त गरे । सन् १९६५ मा उनले सेल्मादेखि मोन्टगोमेरीसम्म भएको जुलुस प्रदर्शन गर्न मद्दत गरे । अर्को वर्ष उनको सङ्गठनले त्यो आन्दोलनलाई शिकागो सहरको उत्तरी भेगमा लग्यो । त्यहाँ काला जातिको बस्ती अलग्गै बनाउने चलन थियो । जीवनका अन्तिम वर्षहरूमा उनले गरिबी उन्मूलन र भियतनाम युद्धको विरोधलाई मुख्य मुद्दाको रूपमा उठाए । १९६८ मार्च २९ गते उनी टेनिसी राज्यको मेम्फिस सहरमा गए । काला जातिका सफाइकर्मीहरूले चलाएको हडताललाई समर्थन गर्न उनी त्यहाँ पुगेका थिए । त्यही सहरमा १९६८ को अप्रिल ४ गते उनको हत्या भयो ।

*(स्रोत : एमआर अनलाइन । सम्यक)*

# शिक्षामा सुधार: गति कि गुणस्तर ?

✍ कृष्णप्रसाद लामिछने

विश्व तीव्र परिवर्तनको युगमा प्रवेश गरिसकेको छ र शिक्षा प्रणाली त्यस परिवर्तनको केन्द्रबिन्दुमा उभिएको छ । हरेक राष्ट्रले आफ्ना आवश्यकता, स्रोत-साधन र सन्दर्भअनुसार शिक्षा प्रणालीलाई समयसापेक्ष बनाउने प्रयास गरिरहेका छन् । नेपालमा पनि शिक्षा सुधारको बहस चुलिँदै गएको छ । तर, सुधारको नाममा गरिने हतारो र सतही अनुकरणले वास्तवमै दीर्घकालीन समाधान दिन सक्छ कि सक्दैन भन्ने प्रश्न गम्भीर रूपमा उठ्न आवश्यक छ ।

विकसित राष्ट्रहरूले अपनाएका मोडेलहरूलाई जस्ताको तस्तै नक्कल गर्ने प्रवृत्तिले कुनै समस्यालाइ क्षणिक रूपमा समाधान गर्लान् तर यथार्थमा त्यो समाधान होइन–बरु नयाँ समस्या निम्त्याउने जोखिम हो । किनकि, त्यहाँको सामाजिक संरचना, आर्थिक अवस्था, स्रोत-साधनको उपलब्धता, प्रविधिको पहुँच र कार्यसंस्कृति हाम्रोभन्दा फरक छ । त्यहाँ सफल भएको अभ्यास यहाँ पनि स्वत: सफल हुन्छ भन्ने धारणा भ्रमपूर्ण छ । शिक्षा कुनै 'एकै ढाँचामा सबै अट्ने' प्रणाली होइन; यो सधैँ सन्दर्भअनुकूल हुनुपर्छ ।

नेपालको भौगोलिक विविधता , शैक्षिक पहुँचमा रहेको असमानता; शिक्षकको सीप, तालिम र प्रेरणाको अवस्था; तथा प्रशासनिक संयन्त्रको क्षमता– यी सबै यथार्थलाई बेवास्ता गरेर बनाइने नीति कागजमा मात्र सुन्दर देखिन्छ, व्यवहारमा कमजोर साबित हुन्छ । प्रविधिमैत्री मूल्याङ्कन प्रणाली लागू गर्ने निर्णय राम्रो देखिए पनि जहाँ आधारभूत पूर्वाधार नै कमजोर छ, त्यहाँ यस्तो प्रयास कार्यान्वयनमै अल्झिन सक्छ ।

यही सन्दर्भमा सुधारको नाममा परीक्षा केन्द्रमै कापी परीक्षण गरी एक महिनाभित्र नतिजा सार्वजनिक गर्ने प्रस्ताव आएको छ । सतहमा हेर्दा यो 'गति' को प्रतीकजस्तो देखिन्छ–छिटो नतिजा, छिटो प्रक्रिया । तर, प्रश्न उठ्छ–के केवल गति नै सुधार हो ? यदि मूल्याङ्कन प्रक्रिया निष्पक्ष, पारदर्शी र गुणस्तरीय हुन सकेन भने छिटो आएको नतिजाले विश्वास निर्माण गर्दैन, बरु शङ्का र असन्तोष बढाउँछ । त्यसैले शिक्षा सुधारको मापन गति होइन, गुणस्तर र विश्वसनीयताले हुनुपर्छ ।

अन्धाधुन्ध नक्कलको प्रवृत्तिले हामीलाई स्पष्ट दिशा दिँदैन । बरु, हामीलाई 'न काग, न बकुल्ला' जस्तो अन्योलपूर्ण अवस्थातर्फ धकेल्छ । न त हामी विकसित मोडेलमा पुग्न सक्छौँ, न आफ्नै मौलिक प्रणाली निर्माण गर्न सक्छौँ । शिक्षाजस्तो संवेदनशील क्षेत्रमा यस्तो अन्योल दीर्घकालीन रूपमा घातक हुन्छ ।

त्यसैले आजको आवश्यकता नक्कल होइन, सचेत रूपान्तरण हो । विकसित राष्ट्रहरूको अनुभवबाट सिक्ने, सफल अभ्यासहरूको अध्ययन गर्ने, तर त्यसलाई अन्धाधुन्ध लागू नगरी आफ्नै सन्दर्भअनुसार परिमार्जन गर्ने दृष्टिकोण अपनाउनु अपरिहार्य छ । नीति निर्माणदेखि कार्यान्वयनसम्म सन्दर्भको गहिरो अध्ययन, दीर्घकालीन सोच र जिम्मेवारीपूर्ण निर्णय आवश्यक छ ।

अन्तत:, शिक्षा सुधारको मूल प्रश्न यही हो–हामी गति खोज्दै छौँ कि गुणस्तर निर्माण गर्दै छौँ ? यदि सुधार केवल छिटोपनमा सीमित भयो भने त्यो अस्थायी हुनेछ । तर, यदि गुणस्तर, विश्वसनीयता र सान्दर्भिकतामा केन्द्रित भयो भने मात्र दिगो र अर्थपूर्ण परिवर्तन सम्भव हुनेछ ।

# स्वेज नहर र हर्मुज नाका : एक तुलना

● सामी अल-आरियान


संसारका सबै साम्राज्य ढल्छन् । साम्राज्य तीन कारणले ढल्छन् । पहिलो, तिनको सैन्य बलले राजनीतिक रणनीतिलाई उछिन्दा । दोस्रो, तिनको आर्थिक जग कमजोर हुँदा । तेस्रो, तिनले दमन गर्न खोजेका जनताले लामो समयसम्म अत्याचार सहेर तिनको ठुलो शक्तिलाई परास्त गर्दा ।

सन् १९५६ मा इजिप्ट सरकारले स्वेज नहर राष्ट्रियकरण गर्‍यो । यसअघि यो बेलायती साम्राज्यको अधीनमा थियो । स्वेज नहरको राष्ट्रियकरण बेलायी साम्राज्यवादको लागि एउटा मोड सिद्ध भयो । त्यसैबेला अमेरिकाले बेलायती मुद्रा पाउन्ड स्टर्लिङमा दबाब दियो । सञ्चित मुद्राको स्टर्लिङको हैसियत खस्कियो । अन्ततः बेलायती साम्राज्य पछि हट्न बाध्य भयो ।

सत्तरी वर्षपछि हर्मुज नाकालाई केन्द्रमा राखेर चुलिँदो द्वन्द्व मध्य एसियामा अमेरिकी सत्ताको लागि त्यस्तै क्षण सिद्ध हुने सङ्केत देखिएको छ ।

यो तुलना सतही वा हावादारी होइन ।

स्वेज नहर र हर्मुज नाका दुवै स्थानमा एउटा क्षेत्रीय शक्तिले साम्राज्यवादसामु आत्मसमर्पण गर्न अस्वीकार गरेको स्थिति हो । साम्राज्यवाद 'जिउँदो मान्छे' को फेला परेको छ ।




साम्राज्यवादका मुकामहरू आफ्नो स्थान जोगाउन सैन्य शक्तिमा भर परे । तर, लडाइँको मैदानले मात्र परिणाम तय गरेन । बरु गहिरा आर्थिक अवरोध र विश्वको बदलिँदो शक्ति सन्तुलनले लडाइँको परिणाम निर्क्योल गर्‍यो ।

**स्वेज १९५६**

सन् १९५६ को जुलाई महिना थियो । इजिप्टका राष्ट्रपति थिए देशभक्त नेता गमाल अब्देल नासिर । उनले स्वेज नहर राष्ट्रियकरण गरे । त्यहाँ इजिप्टको सार्वभौमिकता दाबी गरे । तर, यो दाबी यत्तिमै सीमित रहेन ।

उनले मध्य एसियामा बेलायतको साम्राज्यवादी सत्ताको जरामै प्रहार गरे । स्वेज नहर एक व्यापारिक नाका मात्र थिएन । यो बेलायतलाई उसका उपनिवेशहरूसँग जोड्ने रणनीतिक धमनी थियो; साम्राज्यवादी प्रतिष्ठाको प्रतीक थियो ।

दोस्रो विश्वयुद्धले बेलायत यत्तिकै थिलथिलो थियो । स्वेज नहर गुमेपछि उसले फ्रान्स र इजरायलसँग मिलेर इजिप्टमा आक्रमण गर्‍यो ।

यी तीन आक्रमणकारीहरूले नहरको राष्ट्रियकरण उल्ट्याउन खोजे । नासिरको सत्ता पल्ट्याएर नहरमा पुनः साम्राज्यवादी नियन्त्रण जमाउने लक्ष्य थियो उनीहरूको । सैन्य दृष्टिले सुरुमा उनीहरूले केही सफलता पनि हात पारे । बेलायती र फ्रान्सेली सेना तीव्र गतिमा अघि बढ्यो । इजरायली सेनाले साइनाइ क्षेत्र कब्जा गर्‍यो । सैन्य हिसाबले उपलब्धि हात पारे पनि राजनीतिक विजय भने हुन सकेन ।

निर्णायक तत्व इजिप्टको सेना वा जनप्रतिरोध मात्र पनि थिएन । त्यो बेला संसार दुई ध्रुवमा विभाजित थियो । अमेरिका र सोभियत सङ्घ दुई ध्रुवका नाइके शक्ति थिए । उनीहरूको हस्तक्षेपले पासा पल्टियो । अमेरिकी राष्ट्रपति आइजनहावरले एकातिर स्वेज नहरलाई लिएर युद्ध चर्किन सक्ने देखे । अर्कोतिर, उनले युद्ध रोकिए बेलायती साम्राज्यलाई किनारमा धकेल्न सक्ने मौका पनि देखे । यसकारण, उनले एउटा अल्टिमेटम जारी गरे ।

वासिङ्टनले वित्तीय क्षेत्रबाट हात झिक्ने धम्की दियो । बेलायती पाउन्डमा दबाब बढ्यो । अन्तर्राष्ट्रिय मुद्राकोषले आफ्नो समर्थनलाई सीमित गर्‍यो । त्यो बेला बेलायत दुई समस्याबाट गुज्रिरहेको थियो । पहिलो, उसलाई आफूले आयात गर्ने वस्तुहरूको भुक्तानी दिन समेत हम्मेहम्मे थियो । दोस्रो, उसलाई आफ्नो मुद्राको मूल्य कायम गर्न पनि गाह्रो थियो । यस्तो बेला अमेरिका र मुद्राकोषको दबाब निर्णायक सिद्ध भयो । उसले त्यो दबाब थेग्न सकेन ।

अपमानित भएर बेलायत पछि हट्न बाध्य भयो । आक्रमण बन्द भयो । इजिप्टमा नासिर राजनीतिक रूपमा बलियो भएर उदाए ।

यो सङ्कटपछि मध्य एसियामा प्रभुत्व जमाइरहेको बाह्य शक्तिको रूपमा बेलायतको अवसान भयो । क्षेत्रीय नाइके (हेजिमोन) को बेलायती स्थान साम्राज्यवादी अमेरिकाले लियो । लन्डनले अब अमेरिकाको सहमतिबेगर आफ्नो रणनीतिक महत्त्वाकाङ्क्षा अघि बढाउन सकिन्न भन्ने बुझ्यो । यसपछि उसका साझेदार र प्रतिद्वन्द्वीहरूले नयाँ परिस्थिति अनुसार बेलायतप्रति धारणा मिलान गरे ।

स्वेज नहर घटनाले सैन्य बलले मात्र साम्राज्यलाई जोगाउन नसकिने देखाउँछ । लडाइँको मैदानमा जब्बर देखिए तापनि कमजोर अर्थतन्त्र र चरम रणनीतिले गर्दा राजनीतिक पराजय हुन सक्छ ।

**त्यो बेलायत, यो अमेरिका**

सन् १९५६ को बेलायती साम्राज्य र आजको अमेरिका दुवैसँग क्षेत्रीय शक्तिहरूसँग ठुलो सैन्य बल छ । तैपनि, दुवै साम्राज्य संरचनात्मक कमजोरीको परिबन्दमा थिए ।

आर्थिक हिसाबले हेर्ने हो भने विश्वयुद्धपछि बेलायत ऋणको भारले थिचिएको थियो । सन् १९५६ मा उसलाई २७ अर्ब पाउन्डको ऋण लागेको थियो । (आजका मितिमा यो रकम १० खर्ब डलर हुन्छ ।) बेलायतमा औद्योगिक प्रतिस्पर्धा खस्किँदो थियो । ऊ बाह्य वित्तीय सहयोगमा निर्भर थियो । अमेरिका पनि अहिले यिनै परिबन्दबिच छ । अहिले उसको राष्ट्रिय ऋण ३९० खर्ब डलर छ । ऊ लगातार व्यापार घाटामा छ । देशको अर्थतन्त्र कमजोर छ भने डलरमा आधारित वित्तीय व्यवस्थामा विश्वको विश्वास घट्दो छ । यी दुई कारणले वासिङ्टनको साम्राज्यवादी महत्त्वाकाङ्क्षा कुँजिदै छ ।

उबेलाको बेलायती साम्राज्यजस्तै अमेरिकी सैन्य शक्तिको आज कसैसँग तुलना हुन सक्दैन । पूर्वी युरोपदेखि हिन्द-प्रशान्त क्षेत्रसम्म ठाउँठाउँमा उसको सेना तैनाथ छ । मध्य एसिया कुनै बेला अमेरिकी रणनीतिको केन्द्र थियो । यहाँ अमेरिकाले दशकौँसम्म निकै महँगो तर अधुरो सैन्य उपस्थिति जनायो । अहिले यही क्षेत्र अमेरिकाको लागि महत्त्वपूर्ण रणमैदान बनेको छ । यति धेरै स्रोतसाधन र ध्यान खर्चेपछि वासिङ्टनले यस क्षेत्रमा सत्ता स्थापित गरेको सत्य हो । तैपनि, ऊसँग आफूले चाहे अनुसार निर्णय लागु गराउने क्षमता बनाउन सकेन ।

अब रबेला मध्य एसियामा राज्यइतर खेलाडी समूह, क्षेत्रीय शक्ति र राज्यपार सञ्जालहरूले नियन्त्रणको परम्परागत स्वरूपलाई नै कमजोर बनाएका छन् ।

स्वेज नहरको सङ्कट बेलायती साम्राज्यको पतनको घडी थियो । साथमा, त्यो अमेरिकाको उदयको घडी पनि थियो । राष्ट्रपति आइजनहावरले उपनिवेशवादी आक्रमणको विरोध गरेका थिएनन् । बरु उनले स्वतन्त्र ढङ्गले चल्नबाट युरोपका साझेदारहरूलाई रोकेका थिए । उनी अमेरिकालाई सो क्षेत्रको मुखिया र अकाट्य खेलाडीको स्थानमा उकास्न चाहन्थे । त्यसैले स्वेज नहरमा अमेरिकी हस्तक्षेप एउटा योजनाबद्ध रणनीति थियो ।

वासिङ्टनले बेलायतबाट दबदबा कायम गर्ने संरचना उत्तरदानमा लिएको हो । सैन्य अखडा विस्तार गर्न, साझेदारहरूको घेरा बलियो बनाउन र आर्थिक स्वार्थहरूलाई गहिरो पार्न उसले बेलायतबाटै सिकेको हो । कालान्तरमा अमेरिका मध्य एसियालाई आकार दिने मुख्य बाह्य शक्ति बन्यो । उसले सैन्य अखडाहरूको सञ्जाल, हतियारको व्यापार, तेलमा सहुलियत, पेट्रो-डलर प्रणाली तथा यो क्षेत्रका अनेक धनी देशहरूसँग रहेको विस्तृत राजनीतिक र आर्थिक सम्बन्धमार्फत आफ्नो प्रभुत्व कायम गर्‍यो ।

अमेरिकाले इजिप्ट, जोर्डन र मोरक्को जस्ता प्रमुख क्षेत्रीय देशहरूलाई पनि दबाबमा राख्यो । यसका लागि उसले आर्थिक सहयोग दियो; ऋण दियो; खुफियातन्त्रमा सहकार्य गर्‍यो; स्वेच्छाचारी शासकहरूलाई समर्थन गर्‍यो ।

कुनै बेला इराक, सिरिया, यमन, सुडान र लिबियाले अरबी राष्ट्रवादीहरूको गठबन्धन बनाएका थिए । अमेरिकाले त्यसलाई टुक्र्याउने र अस्थिर बनाउने नीति लियो । यसले उसले ती देशलाई कमजोर बनायो । खासगरी अमेरिकी प्रभुत्व वा इजरायली नीतिलाई अलिकति पनि चुनौती दिने देशमाथि यी नीति लागु गरियो ।

साम्राज्यको अवसान यत्तिकै हुँदैन । प्रायः यसको अवसानसँगै नयाँ प्रभुत्वशाली संरचना उदाउँछ । तर, अहिलेको स्थिति त्यस्तो होइन । बेलायतलाई अमेरिकाले विस्थापित गरे जस्तो अमेरिकाको ठाउँ लिने कुनै एक्लो शक्ति देखापर्दैन । बरु, एउटा खण्डित र बहुध्रुवीय विश्व व्यवस्था उदाउँदै छ ।

**हर्मुज नाका**

विश्वको तेल र ग्यास भन्डारको पाँच भागको एक भाग हर्मुज नाका हुँदै अन्यत्र जान्छ । त्यसमा खलल पर्दाबित्तिकै विश्व अर्थतन्त्रमा तत्कालीन र दीर्घकालीन असर परिहाल्छ ।

इरानको भूगोल, सैन्य क्षमता, असमान रणनीति र राजनीतिक प्रतिबद्धताले उसलाई यो नाका नियन्त्रणमा राख्ने क्षमता दिएको छ ।

सन् १९५६ मा इजिप्टको छवि अर्कै थियो । ऊ असंलग्न आन्दोलनको नेता थियो । उसले उसलाई राजनीतिक लाभ दिएको थियो । अमेरिका र सोभियत सङ्घबीचको शीतयुद्धले पनि उसलाई फाइदा पुगेको थियो । आज इरानको स्थिति त्यति बेलाको इजिप्टको भन्दा एकदम भिन्न छ । ऊसँग अनेकौँ साधन छन् । ऊसँग उन्नत मिसाइल र ड्रोन क्षमता छ । उसले विश्वको ऊर्जा प्रभावमा खलल पार्न सक्छ । साथै, अहिले समग्र मध्य एसियाले जथाभावी युद्धमार्फत आफ्नो भूभागमा अस्थिरता मच्चिएको महसुस गर्दै छ । यसमा उसले अमेरिका र यहुदीवादी इजरायललाई दोषी देख्दै छ ।

चालु द्वन्द्वका लागि इरानले प्रस्ट खाका बनाएको छ । उसले अमेरिकी र इजरायली आक्रमण रोक्नका लागि सर्तहरू बनाएको छ । उनीहरूले युद्धको जिम्मेवारी लिनुपर्ने, भविष्यमा आक्रमण नगर्ने ग्यारेन्टी दिनुपर्ने, यस क्षेत्रमा राखिएका अमेरिकी सैन्य अखडाहरू बन्द गर्नुपर्ने, विध्वंसका लागि इरानलाई क्षतिपूर्ति दिनुपर्ने र आर्थिक प्रतिबन्ध हटाउनुपर्ने इरानको सर्त छ ।

हर्मुज नाकाको सञ्चालनका सम्बन्धमा पनि इरानले नयाँ खाका जारी गरेको छ । यो नाकाको सुरक्षा, आर्थिक हितका साथै उसले समस्त मध्य एसियामा भइरहेको क्षेत्रीय द्वन्द्व अन्त्य गर्नुपर्ने भनी व्यापक परिदृश्यलाई पनि समेटेको छ । इरानले गाजा, लेबनन, यमन र सिरियाका युद्ध अन्त्य गर्नुपर्ने र यस क्षेत्रमा युद्ध अपराध गर्नेहरू जवाफदेही हुनुपर्ने प्रस्ट अडान राखेको छ ।

मध्य एसियामा इजरायलको आणविक एकाधिकारलाई सम्बोधन गर्न बाँकी छ । गाजा युद्ध तेस्रो वर्षमा पुग्दै गर्दा यो सन्दर्भ निकै महत्त्वपूर्ण हुन आउँछ । उसले बारम्बार लक्ष्मणरेखा पार गरेको छ । आफ्ना अस्पष्ट लक्ष्य पूरा गर्न उसले अत्याधिक बलप्रयोग गरेको छ । अन्तर्राष्ट्रिय कानुन र सन्धिसम्झौताको उसलाई कुनै मतलब छैन ।

रणनीतिक सफलता पाउनका लागि इरानले सबै लक्ष्य हासिल गर्नुपर्छ भन्ने छैन । अमेरिका र उसका साझेदारहरू इरानलाई जबर्जस्ती घुँडा टेकाउन, कठपुतली सरकार थोपर्न र पछिसम्मलाई कमजोर बनाउन चाहन्छन् । यी तीन कुरामा चुकेन भने पनि अथवा एक स्वाधीन देशको रूपमा बाँचिरह्यो भने पनि इरानको मूल लक्ष्य पूरा हुनेछ ।

**अमेरिकाका सीमाहरू**

अमेरिका अहिले सन् १९५६ को बेलायत जस्तै अलमलमा छ । बेलायत भन्दा अमेरिकाको उल्झन अझ जेलिएको छ । चर्काचर्की बढे जोखिम पनि बढ्छ । हर्मुज नाका लामो समयसम्म बन्द भयो वा त्यहाँबाट हुने ऊर्जा प्रवाहमा लगातार खलल पुग्यो भने विश्व अर्थतन्त्र अस्थिर बन्नेछ । ऊर्जाको मूल्य अकासिनेछ भने अमेरिकाका साझेदारहरूले ठुलो दबाब झेल्नुपर्नेछ ।

यति नै बेला घोषित लक्ष्य पूरा नगरी आक्रमण घटाइन्छ भने अमेरिकाको दमनकारी शक्तिको सीमा उदाङ्गिनेछ । अर्कोतर्फ, प्रतिरोध गरे संसारको सबैभन्दा शक्तिशाली सेनालाई पनि निस्तेज पार्न सकिन्छ भन्ने सङ्केत क्षेत्रीय शक्तिहरूले पाउनेछन् ।

यो तनावले साम्राज्यवादी अति विस्तारको व्यापक समस्या प्रतिविम्बित गर्छ । अमेरिकाले अनेक ठाउँमा गरेका प्रतिबद्धतालाई व्यवस्थापन गर्नुपर्छ । देशभित्र उसले सरकारप्रति समर्थन र आर्थिक स्थिरता कायम गर्नुपर्छ । मध्य एसियाको द्वन्द्व लम्बियो भने यी सबै ठाउँमा तनाव बढ्नेछ ।

चालु द्वन्द्वलाई बुझ्न रणनीतिक र संरचनात्मक लाभबीच फरक छुट्याउन जरुरी छ ।

अमेरिकी र यहुदीवादी इजरायलको गुटसँग रणनीतिक लाभ छ । किनभने, उनीहरू वायुसेना, जलसेना, गुप्तचरी र प्रविधिमा इरानभन्दा अब्बल छन् । तैपनि, यी शक्तिले मात्र चाहेको परिणाम निकाल्न सकिन्न ।

यसको विपरीत इरान संरचनात्मक प्रतिरोधको आधारमा डटिरहेको छ । उसलाई भूगोलको साथ छ; उसको सेना विकेन्द्रित छ; क्षेत्रीय साझेदारहरूले उसलाई दीर्घकालीन दबाब सहन सक्षम पारेका छन् । अझ महत्त्वको कुरा के भने उसका लक्ष्यहरू एकदम सीमित र सम्भाव्य छन् ।

अमेरिका-इजरायल र इरानबीचको यो असमानता नै निर्णायक हो । अमेरिका-इजरायल गुटले इरान राज्य र समग्र क्षेत्रीय व्यवस्था बदल्न चाहन्छन् । इरान भने बाँच्न र प्रतिरोध गर्न चाहन्छ । यस्तो असमान स्थितिमा प्रायः नरम लक्ष्य लिएको पक्षको पल्ला भारी हुने इतिहास छ ।

**युगको पटाक्षेप**

अमेरिकी दबदबा कमजोर बनेको अवस्थामा क्षेत्रीय खेलाडीहरू अझ स्वाधीन हुन खोज्नेछन् । हुन त चीन र रुस जस्ता बाह्य शक्तिसँग प्रभुत्व जमाउने क्षमता छैन । तैपनि, अमेरिकी दबदबा ओइलाएको अवस्थामा उनीहरूको संलग्नता पनि बढ्नेछ ।

क्षेत्रीय स्तरमा इरान बाँच्यो र बलियो बन्छ तथा विभिन्न देशमा सक्रिय 'प्रतिरोध गठबन्धन' कायम रह्यो भने शक्ति सन्तुलन पनि बदलिनेछ । इजरायली सेनाको अविच्छिन्न दबदबा झन्झन् जोखिममा पर्नेछ । अमेरिकाको रक्षा कवचबारे पुनर्विचार हुनेछ र नयाँ गठबन्धन बन्न सक्छ । प्यालेस्टिनमा त्यसको गहिरो प्रभाव पर्नेछ ।

अमेरिकी प्रभुत्व कमजोर भयो भने इजरायलको रणनीतिक महत्त्व खुम्चिनेछ । किनभने, उसको सैन्य दबदबा अमेरिकाको निःसर्त सहयोगमा निर्भर रहँदै आएको छ । यो सहयोग महँगो र शङ्कास्पद बन्छ भने इजरायलको जग नै खिइन थाल्नेछ । यसले गर्दा इजरायल तत्कालै ढल्छ भन्ने होइन । तर, उसलाई जीवित राखिरहेका जातिवादी संरचनाहरू र प्रणाली बिस्तारै तितरबितर हुनेछन् ।

इजरायलको सैन्य क्षमता कमजोर हुनेछ, राजनीतिक रूपमा ऊ एक्लिँदै जानेछ र उसका आन्तरिक अन्तर्विरोधहरूले टाउको उठाउनेछन् । त्यो स्थितिमा प्यालेस्टिनी सङ्घर्ष पुनः चर्किनेछ । त्यो सङ्घर्षले मध्य एसियाको भविष्यलाई आकार दिन प्रमुख भूमिका खेल्नेछ ।

बसोबासी उपनिवेशवादहरू आफूलाई आड दिने साम्राज्य पछि हटेको स्थितिमा नबाँचेको इतिहास छ । आड दिएको शक्ति पछि हटेपछि यहुदीवादी इजरायल पनि ढिलोचाँडो टुक्रिनेछ ।

स्वेज नहरको सङ्कट एउटा साम्राज्यको अन्त्य र अर्कोको उदयको कारण बन्यो । त्यसरी नै हर्मुजको सङ्कटले अलि फरक तरिकाले त्यो काम गर्ने देखिन्छ । फरक कति मात्र हो भने यसपालि एउटा साम्राज्यलाई अर्कोले विस्थापित गर्नेछैन । बरु, साम्राज्यवादी दबदबाको युग नै बिस्तारै ओइलाउनेछ ।

त्यो बदलिँदो परिवेशमा इतिहासको शिक्षा भने बदलिनेछैन । साम्राज्यहरू कुनै निर्णायक लडाइँमा ढल्दैनन् बरु आफ्नो शक्तिलाई राजनीतिक नियन्त्रणमा बदल्न नसक्दा ढल्छन् । त्यस अर्थमा इरानमा जारी द्वन्द्वको परिणाम अहिल्यै आकलन गर्न सकिएला ।

*(स्रोत : मिडल इस्ट आइ । सम्यक)*

# इरानद्वारा अमेरिकी युद्धविराम प्रस्ताव अस्वीकार, आक्रमण जारी



तेहरान, २१ चैत (सिन्ह्वा)। इरानले अमेरिकाको प्रस्तावित ४८ घण्टे युद्धविराम अस्वीकार गरेको सरकारी समाचार एजेन्सी फार्सले जनाएको छ। फार्सका अनुसार, अमेरिकाको यो प्रस्ताव इरानलाई बिहीबार एक 'मैत्रीपूर्ण' देशमार्फत पठाइएको थियो।

स्रोतहरूले जनाएअनुसार, वाशिङटनले युद्धविराम सुनिश्चित गर्न कूटनीतिक प्रयास तीव्र बनाएको छ। यो कदम विशेषगरी कुवेतको बुबियान टापुमा इरानले लक्षित गरेको अमेरिकी सैन्य गोदाममा आक्रमण गरेको घटनापछि आएको हो। उक्त घटनाले अमेरिकाको सैन्य गतिविधिमा चुनौती सिर्जना गरेको थियो।

फार्सले मूल्याङ्कनअनुसार, प्रस्ताव अमेरिकी-इजरायली आक्रमण र क्षेत्रीय सङ्कटको तीव्रतासँग सम्बन्धित थियो। अमेरिकाले इरानको सैन्य क्षमताको गलत अनुमान गर्दा अमेरिकी सेनाका लागि गम्भीर समस्याहरू सिर्जना भएका थिए।

इरानले यस प्रस्तावको लिखित जवाफ दिएको छैन। तर युद्धभूमिमा आक्रमण निरन्तर जारी राखेर आफ्नो अस्वीकृति स्पष्ट पारेको छ। यसले इरानको सशक्त र निर्णायक सैन्य प्रतिक्रिया देखाउँछ।

पृष्ठभूमि: फेब्रुअरी २८ मा इजरायल र अमेरिकाले संयुक्त रूपमा तेहरान र अन्य प्रमुख इरानी शहरहरूमा आक्रमण गरेका थिए। यस आक्रमणमा तत्कालीन इरानी सर्वोच्च नेता अली खामेनेईसहित वरिष्ठ सैन्य कमाण्डर र केही नागरिकको मृत्यु भएको थियो। त्यसपछि इरानले इजरायल र मध्यपूर्वमा अमेरिकी सम्पत्तिलाई लक्षित गर्दै मिसाइल तथा ड्रोन आक्रमणको लहर सुरु गरेको थियो।

**इरान- इजरायल युद्ध चर्किँदै, अमेरिका प्रभावित**

अमेरिका र इजरायलले फेब्रुअरी २८ देखि इरानमाथि संयुक्त रूपमा ठूला सैन्य आक्रमण सुरु गरेपछि मध्यपूर्व क्षेत्रमा युद्धको अवस्था झन् गम्भीर र



जटिल बन्दै गएको छ। यस सङ्घर्षका क्रममा निरन्तर हवाई आक्रमण, प्रतिआक्रमण र सैन्य गतिविधि बढ्दै गइरहेका छन्, जसले क्षेत्रीय सुरक्षा अवस्था कमजोर बनाएको छ। पेन्टागनले सार्वजनिक गरेको पछिल्लो विवरणअनुसार अप्रिल ३ सम्म आइपुग्दा कुल ३६५ अमेरिकी सैनिक घाइते भएका छन्, जसले युद्धको तीव्रता र यसको असर स्पष्ट रूपमा देखाउँछ। त्यसैगरी ६३ जना नौसेनाका, १९ जना समुद्री सुरक्षा बलका र ३६ जना वायुसेनाका सदस्य घाइते भएका छन्, जसले युद्ध विभिन्न सैन्य क्षेत्रमा फैलिएको देखाउँछ।

यसैबिच, मृत्यु हुने अमेरिकी सैनिकको सङ्ख्या १३ पुगेको पुष्टि गरिएको छ। तीमध्ये ७ जना प्रत्यक्ष शत्रुतापूर्ण कारबाहीका क्रममा मारिएका हुन्, जुन युद्धको अग्रपङ्क्तिमा भएको भिडन्तको परिणाम मानिन्छ। साथै, इरानले कुवेतमा गरेको आक्रमणका कारण ६ जना सैनिकको ज्यान गएको छ, जसले युद्धको प्रभाव अन्य देशसम्म फैलिएको देखाउँछ। अर्को एक सैनिक साउदी अरेबियामा घाइते भएपछि पछि मृत्यु भएको जानकारी पनि दिइएको छ। यी घटनाहरूले युद्ध केवल एक देशभित्र सीमित नभई क्षेत्रीय स्तरमा फैलिँदै गएको सङ्केत गर्छन्।

समग्रमा, यो युद्धले मानवीय, सैन्य र भूराजनीतिक रूपमा ठूलो प्रभाव पारिरहेको छ र आगामी दिनहरूमा यसको अवस्था अझै जटिल हुन सक्ने अनुमान गरिएको छ।

**इरान-अमेरिका युद्ध: दुई अमेरिकी विमान नष्ट, चालक बेपत्ता**

वासिङ्टन,२१ चैत (एपी)। इरानले शुक्रबार मध्यपूर्वमा दुई अमेरिकी सैनिक विमान नष्ट गरेको छ। यस घटनामा एक चालक उद्धार गरिएको छ भने कम्तीमा अर्को अझै हराइरहेको छ। यो घटना युद्धको क्रममा पहिलोपटक अमेरिकी विमान नष्ट भएको क्षणको रूपमा लिइएको छ।

पहिलो विमान इरानभित्र नष्ट भएको थियो। उद्धार गरिएको चालकको जीवन सुरक्षित छ, तर हराइरहेको अर्को चालकको खोजीका लागि अमेरिकी सेनाले व्यापक उद्धार अभियान सुरु गरेको छ। विवरणअनुसार, इरानी सुरक्षा बलले फारसको खाडीमा अर्को अमेरिकी युद्धक विमानलाई प्रहार गरेको छ र त्यस विमान पनि दुर्घटनाग्रस्त भएको बताइएको छ। यी घटनाहरूको कारण मध्यपूर्वमा तनाव थप बढेको छ। इरानले क्षेत्रका विभिन्न लक्ष्यमा प्रहार जारी राखेको छ, जसले इजरायल र खाडीका छिमेकी देशहरूमा दबाब कायम राखेको छ।

अमेरिकी अधिकारीहरूले घटनास्थल र हराइरहेको चालकको स्थिति पूर्ण रूपमा थाहा पाउन अझै समय लाग्ने जनाएका छन्। यसबिच अमेरिकी र इरानी सैन्य गतिविधिहरू बढ्दै गएपछि क्षेत्रीय सुरक्षा र अन्तर्राष्ट्रिय सम्बन्धहरूमा थप अनिश्चितता उत्पन्न भएको छ।

# इरानद्वारा प्रतिबन्धित विपक्षी समूहका दुई सदस्यलाई फाँसीको सजाय : न्यायपालिका

तेहरान, २१ चैत (एपी)। इरानले शनिबार प्रतिबन्धित विपक्षी समूहमा सदस्यता र इस्लामिक गणराज्यलाई ढाल्ने लक्ष्य राखेका कार्यमा संलग्न रहेको आरोपमा दुई व्यक्तिलाई फाँसीको सजाय दिएको न्यायपालिकाले जनाएको छ।

फाँसी पाएकोमा अबोलहसन मोंटाजेर र वहिद बानियामेरियन रहेका छन्। न्यायपालिकाको वेबसाइट मिजान अनलाइनका अनुसार दुवैलाई अदालतको निर्णयपछि फाँसी दिइएको हो र सर्वोच्च अदालतले सजायलाई अनुमोदन गरेको थियो। उहाँहरूलाई 'धेरै आतङ्ककारी कार्यमार्फत विद्रोह गर्ने प्रयास' मा दोषी ठहर गरिएको थियो। साथै, उहाँहरू प्रतिबन्धित समूह 'पिपुल्स मुजाहिदिन अफ इरान' का सदस्य थिए र इस्लामिक गणराज्यलाई ढाल्ने विभिन्न विध्वंसकारी कार्यमा संलग्न रहेको पाइएको थियो।

यो फाँसीको घटना यसअघि यसै हप्तामा समूहका अन्य चार सदस्यलाई फाँसी दिइएको घटनासँग जोडिएको छ। समूहले प्रारम्भमा सन् १९७९ को इस्लामिक क्रान्तिको समर्थन गरेको थियो, तर १९८० को दशकमा नेतृत्वसँग टाढा परेको थियो। त्यसपछि तेहरानले यसलाई आतङ्ककारी समूहको रूपमा घोषणा गरेको छ।

इरान विश्वमा चीनपछि सबैभन्दा धेरै फाँसी दिने देशको रूपमा मानिन्छ। यस वर्ष सुरु भएको युद्धपछि पनि विभिन्न व्यक्तिहरूलाई फाँसी दिइएको छ। यसै चैतमा प्रहरी अधिकृतको हत्या गरेको आरोपमा तीन जनालाई फाँसी दिइएको थियो। साथै, इजरायलका लागि जासूसी गरेको आरोपमा इरान-स्वीडेन दुवै नागरिक कुरुष केवानीलाई पनि चैतमा फाँसी दिइएको थियो, जसले स्वीडेन र युरोपेली सङ्घको कडा आलोचना सामना गर्नुपरेको थियो।

इरान-अमेरिका-इजरायल युद्धको पृष्ठभूमिमा यी घटनाहरू भएका हुन्। अमेरिकी-इजरायली हमलाले फेब्रुअरी २८ मा इरानको सर्वोच्च नेताको मृत्यु गराएको थियो र त्यसपछि क्षेत्रीय द्वन्द्व व्यापक बनेको थियो।

## विश्व सङ्क्षेप

### गाजापट्टि व्यवस्थापनका लागि हमासको नयाँ पहल

गाजा, २१ चैत (सिन्ह्वा)। हमासले शुक्रबार गाजापट्टीको व्यवस्थापन र युद्धविराम सम्झौताको पहिलो चरण कार्यान्वयन गर्न प्रशासनिक समिति गठनको प्रस्ताव गरेको छ। यो प्रस्ताव हमासको प्रतिनिधिमण्डलले दुई दिनको कायरो भ्रमणपछि जारी गरेको विज्ञप्तिमा आएको हो। प्रतिनिधिमण्डलको नेतृत्व गाजाका प्रमुख खालिल अल-हैय्या गर्नुभएको थियो। भ्रमणका क्रममा हमासले इजिप्टियाली अधिकारी, मध्यस्थकर्ता र अन्य समूहसँग बैठक गरेको थियो।

प्रतिनिधिमण्डलले अन्य समूहहरूसँग मिलेर सम्झौताका सबै चरणहरू कार्यान्वयन गर्ने प्रतिबद्धता दोहोऱ्याएको छ। साथै मध्यस्थकर्तासँगको परामर्श निरन्तर जारी रहेको उल्लेख गरिएको छ।

हामासले मानवीय सहयोग निरन्तर सुनिश्चित गर्नु, भौतिक शान्ति कायम राख्नु र प्रारम्भिक पुनर्निर्माण र राहत कार्यलाई सहज बनाउनु महत्त्वपूर्ण भएको जोड दिएको छ। प्रतिनिधिमण्डलले नजिकैको दिनहरूमा कायरोमा पुन: वार्ता सुरु गर्ने आमन्त्रण प्राप्त गरेको पनि बताएको छ।

सन्दर्भका लागि, हमास र इजरायलबिचको युद्धविराम सम्झौता अक्टोबर २०२५ देखि गाजापट्टीमा लागू छ। पहिलो चरणमा बन्दी र बन्धकको साटासाट, मानविय सहायता प्रवाह र इजरायली सेनाको केही क्षेत्रमा फिर्ती समावेश थियो। जनवरीमा अमेरिकाले दोस्रो चरणको शान्ति योजना घोषणा गरेको थियो, जसमा पूर्ण इजरायली सेनाको फिर्ती, पुनर्निर्माणको सुरु र प्रशासनिक निकायको स्थापना समावेश छ।

### लेबनान द्वन्द्वको असर, संयुक्त राष्ट्र क्षेत्रमा कर्मचारी जोखिममा

जाकार्ता, २१ चैत (एएफपी)। लेबनानको दक्षिणी क्षेत्रमा शुक्रबार भएको विस्फोटमा इन्डोनेसियाका तीन कर्मचारी घाइते भएका छन्। उहाँहरूमध्ये दुईको अवस्था गम्भीर रहेको बताइएको छ र घाइतेहरूलाई तत्काल नजिकको अस्पतालमा लगिएको छ। यस विस्फोटको सटीक कारण अहिलेसम्म पत्ता लगाउन सकिएको छैन। यस घटना केही दिनअघि भएको घटनासँग जोडिएको देखिन्छ। चैत १६ गते दक्षिणी लेबननमा एक इन्डोनेसियाली कर्मचारी प्रक्षेप्यास्त्र विस्फोटमा मारिएका थिए। त्यसको अर्को दिन आपूर्ति यात्रा क्रममा भएको विस्फोटमा दुई जना कर्मचारी मारिएका थिए। यसरी, गत एक हप्ताभित्र पाँच इन्डोनेसियाली कर्मचारी घाइते भएका छन्। लेबनानमा जारी द्वन्द्वमा इजरायल र हिज्बुल्लाहबिचको झडपका कारण क्षेत्र अझ असुरक्षित बनेको छ। विस्फोट भएका क्षेत्रमा संयुक्त राष्ट्रको कार्यालय र आपूर्ति यात्रा सञ्चालन भइरहेका थिए, जसले गर्दा कर्मचारीहरूको सुरक्षामा ठूलो जोखिम देखा परेको छ। ती मृतक कर्मचारीको शरीर जाकार्तामा शनिबार साँझ आइपुग्ने योजना बनाइएको छ। सरकारले यस घटनाप्रति संवेदना व्यक्त गर्दै परिवारलाई आवश्यक सहयोग पुर्याउने जनाएको छ। संयुक्त राष्ट्रले पनि घटनाको अनुसन्धान गर्दैछ र सुरक्षाका उपाय थप गर्ने तयारी गरेको छ।

### अफगानिस्तानमा बर्षाका कारण मृत्यु हुनेको सङ्ख्या ६१ पुग्यो, ११६ घाइते

काबुल, २१ चैत (सिन्ह्वा)। अफगानिस्तानमा वर्षाका भएका विभिन्न घटनामा मृत्यु हुनेको सङ्ख्या ६१ पुग्नुका साथै ११६ घाइते भएको जनाइएको छ। वर्षाजन्य घटनाका कारण चार बेपत्ता भएको अफगान सरकारका प्रवक्ता जबिहुल्लाह मुजाहिदले शनिबार घोषणा गर्नुभएको छ। घटनाका कारण मृत्यु हुने अधिकांश मानिसहरू अफगानिस्तानको दक्षिणी र पश्चिमी प्रान्तका रहेको प्रवक्ता मुजाहिदले सामाजिक सञ्जाल एक्समार्फत जनाउनुभएको छ।

हालै भएको भारी वर्षापछि आएका प्राकृतिक प्रकोपले दुई हजार ४४८ घरहरू पूर्ण वा आंशिक रूपमा क्षति गरेको उल्लेख गर्दै अफगानिस्तानका विभिन्न प्रान्तमा कृषिवालीलगायत खेतीयोग्य जग्गा बगाएको उहाँले पुष्टि गर्नुभएको छ।

अफगानिस्तानको मौसम विभागले आगामी दिनमा थप वर्षाको पूर्वानुमान गरेको छ भने विशेष गरी दुर्गम र कमजोर क्षेत्रहरूमा बाढीको उच्च जोखिमको चेतावनी दिएको छ।

### ट्रम्पको २०२७ बजेट प्रस्ताव: रक्षा खर्च बढाउँदै, घरेलु कार्यक्रममा कटौती

वासिङ्टन, २१ चैत (एपी)। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले २०२७ को बजेटमा रक्षा खर्च बढाएर १ ट्रिलियन ५०० बिलियन डलर बनाउन प्रस्ताव गर्नुभएको छ। यो दशकमा सबैभन्दा ठूलो रक्षा खर्चको अनुरोध हो र यसले राष्ट्रपति ट्रम्पको प्राथमिकता अमेरिकी सैन्य लगानीमाथि केन्द्रित रहेको देखाउँछ।

यो रक्षा खर्चमा करिब ४४ प्रतिशतको वृद्धि अपेक्षित छ। बजेट निर्देशक रस्सल भौग्टका अनुसार, "राष्ट्रपतिको प्राथमिक उद्देश्य राष्ट्रिय सुरक्षा संरचनामा पुन: लगानी गर्नु हो, ताकि हाम्रो देश खतरनाक विश्वमा सुरक्षित रहोस्।"

राष्ट्रपतिको वार्षिक बजेट प्रशासनको मूल्य प्राथमिकता देखाउने दस्तावेज हो, तर यसले कानुनी शक्ति राख्दैन। यस वर्ष बजेट दस्तावेजले राष्ट्रपति र काङ्ग्रेसबिच मार्गचित्रको काम गर्ने उद्देश्य राखेको छ। काङ्ग्रेसले आफ्नै बजेट र वार्षिक विनियोजन विधेयक तयार गर्ने क्रममा यसलाई मार्गदर्शनको रूपमा प्रयोग गर्न सक्छ। इरान युद्धबारे राष्ट्रलाई सम्बोधन गर्नुअघि ट्रम्पले सैन्यलाई आफ्नो प्राथमिकता भएको सङ्केत दिनुभएको थियो। उहाँले कार्यक्रममा भन्नुभयो, "हामी युद्धमा लडिरहेका छौँ, हामी बालसङ्ग्रहालय र स्वास्थ्य सेवामा ध्यान दिन सक्दैनौँ। यी सेवाहरू राज्य स्तरबाट सम्भव छन्, सङ्घीय स्तरबाट होइन।"

# थिलथिलिएको बीपी राजमार्गमा कहिलेसम्म कठिनाइपूर्ण यात्रा ?

● राजकुमार पराजुली

काभ्रेपलाञ्चोक । बीपी राजमार्गको यात्रा डेढ वर्षदेखि कठिनाईपूर्ण बनिरहेको छ । हालका दिनमा भइरहेको मध्यम र हल्का वर्षाले पनि पटकपटक अबरुद्ध हुने गरेको उक्त राजमार्ग यो चैत महिनाको मध्यसम्म दुईपटक अबरुद्ध भैसक्यो । डेढ वर्षअघिसम्म मध्यपहाडी क्षेत्रको यात्रालाई सहजता दिलाएको उक्त राजमार्ग दुई वर्षमा ‘ठीकठाक’ पार्ने गरी स्थायी पुनर्निर्माण भने सुरु भैसकेको छ ।

सङ्घीय राजधानी काठमाडौँलाई पूर्वी नेपालसँग जोड्ने छोटो, एक मात्र वैकल्पिक र अत्यन्त महत्त्वपूर्ण सडकमार्ग बीपी राजमार्ग । विशेषगरी यस राजमार्गको काभ्रेपलाञ्चोकको चौकीडाँडादेखि सिन्धुलीको विभिन्न क्षेत्रस्थित सडकखण्डमा यस र अघिल्लो वर्षको असोजका बाढीपहिरोले ‘थिलथिलो’ नै बनाएको छ । यस राजमार्गको मध्यक्षेत्र अर्थात काभ्रेपलाञ्चोकतर्फको सडकखण्ड भत्किएर क्षत्‌विक्षत्‌ तथा बगाएपछि यात्रा जोखिमपूर्ण अवस्थाबाट गुज्रिरहेको छ । उक्त राजमार्गको सडक-सम्पर्क बिच्छेदसमेत भएको हो ।

वर्षायाममा केही भागमा क्षति पुऱ्याएपनि दुई वटाका असोजका अबिरल वर्षामा काभ्रेपलाञ्चोकको रोशी खोलामा आएको बाढीले राजमार्गका सडकखण्ड क्षतिग्रस्त बनाइदिएको थियो । यसवर्ष पनि गत असोजमै राजमार्गको विभिन्न सडकखण्डमा सडकको नामोनिसा नै मेटिनेगरी, पैदलसमेत हिँड्ने नसक्ने गरी बाढीपहिरोले तहसनहस बनाइदिएको थियो । गत साल असोजमा क्षत्विक्षत् राजमार्गमा अस्थायी सडक एवं डाइभर्सन बनाई सञ्चालन गरिएपनि स्थायी बनाउने प्रक्रियामै रहेका बेला राजमार्ग पुन: थिलथिलो बन्नुपऱ्यो ।

डिभिजन सडक कार्यालय भक्तपुरको प्रारम्भिक अनुगमन निरीक्षणअनुसार करिब चार किलोमिटर सडक नै बगाएको छ । यसका कारण खोलाबाटै डाइभर्सन बनाएर सवारी सञ्चालनमा ल्याउनुपऱ्यो । करिब २६ अर्ब जापानी येन बराबरको लागतमा खण्डखण्डमा निर्माण सम्पन्न यस राजमार्गले पूर्वी नेपाललाई राजधानीसँग छोटो र सिधा जोडेको छ । यस राजमार्ग निर्माण सम्पन्न भएपछि पूर्व-पश्चिम राजमार्ग हुँदै नारायणघाट-मुग्लिन-काठमाडौँ घुम्नुपर्ने झन्झट हटाइदिएको थियो ।

गत वर्षको असोज १०, ११ र १२ मा परेको अविरल वर्षाका कारण रोशी खोला बढीले बर्दिबासदेखि धुलिखेलसम्म १० किलोमिटर सडक क्षतिग्रस्त भएको थियो । त्यसलाई अस्थायी मर्मत गरेर सञ्चालनमा ल्याएको वर्ष दिनपछि गत असोज १७ र १८ मा वर्षाले पुन: क्षति गराएको हो । सङ्घीय राजधानी काठमाडौँबाट वाग्मती प्रदेशअन्तर्गत अरनिको राजमार्गअन्तर्गत धुलिखेलबाट सुरु भएको यस राजमार्ग मध्यपहाडीको हाल निर्माणाधीन पुष्पलाल रार्जमार्गसँग समेत जोडिएको छ । तर, भूकम्पले केही दूरीका सडक भत्काएको यस मार्गलाई २०८१ र २०८२ सालको बाढीपहिरोले थप क्षतिग्रस्त बनाएको हो ।

राजमार्गअन्तर्गत यस क्षेत्रमा पुल नबनेका भ्याकुरे, घ्याम्पे र रोशी खोला बारम्बार समस्या बन्दै आइरहेका छन् । वर्षा भएका बेला यी खोलाबाट आउने खहरे र बाढीले हरेक दिनजसो बाटो बन्द हुने अवस्था निम्तिएको छ । यस्तै गत सालको वर्षाले काभ्रेपलाञ्चोकेको भकुण्डेबेँसीदेखि सिन्धुलीको नेपालथोकसम्म करिब ३० किलोमिटर सडकमा बाढीले नराम्रो क्षति पुऱ्याएको थियो । विशेषगरी नेपालथोक-आँपटार, कालढुङ्गा, डालाबेँसी, चिउरीबास, एक



नम्बर पुललगायतका ठाउँमा सयौँ मिटर सडक बगाएको छ । त्यसबेला सानो खोलाले पनि डाइभर्सनसमेत बगाएको थियो ।

गतसाल राजमार्गअन्तर्गत काभ्रेपलाञ्चोकतर्फको नार्के बजार, चौकीडाँडा, दाउन्ने, माम्ती खोला र बेँसीका सडकखण्ड पूर्णरूपमा बगाएको थियो । गत सालको वर्षाले बगाएको सडकमा अस्थायी ट्र्याक खोलिएको भए पनि गत बैशाख अन्तिम साताको बाढीले फेरि डाइभर्सनलगायत अस्थायी सडक बगाएको थियो । त्यसलाई पनि अस्थायी मर्मत गरी सञ्चालनमा ल्याइएको थियो । यसैबिच पटकपटकको बाढीपहिरोले क्षतिग्रस्त बीपी राजमार्गको हाल स्थायी रूपमा पुन:निर्माणकार्यलाई तीव्रता दिइएको डिभिजन सडक कार्यालय भक्तपुरले जनाएको छ । उक्त राजमार्गको क्षतिग्रस्त सडकखण्डको तीन स्थानबाट थालिएको स्थायी पुन:निर्माणकार्यलाई तीव्रता दिइएको हो ।

राजमार्गको जोखिमयुक्त स्थानमा आउँदो वर्षाअघि नै पूर्वाधार निर्माण सक्ने र राजमार्गबाट नै यातायातका साधन सञ्चालन गर्नेगरी निर्माण कार्यलाई तीब्रता दिइएको कार्यालय प्रमुख सिनियर डिभिजनल इन्जिनियर सुमन योगेशले बताउनुभयो । उहाँका अनुसार राजमार्गमा भैरहेको काम हेर्दा दुई वर्षभित्र सडक पुनर्निर्माणको काम सकिनेछ । हालसम्म काभ्रेपलाञ्चोकतर्फ ठेक्का लागेको तीन वटा सडकखण्डमा कुल २५ प्रतिशत काम भएको योगेशको भनाइ छ ।

विशेषगरी २०८१ असोजमा आएको बाढीपहिरो तथा यस वर्षको वर्षामा थप क्षति पुगेपछि गत मङ्सिरदेखि प्रक्रिया पुऱ्याएर स्थायी पुन:निर्माण थालिएको हो । क्षग्रिस्त चार खण्डमध्ये बाँकी एक खण्ड जापान अन्तर्राष्ट्रिय सहयोग नियोग ( जाइका) ले पुनर्निर्माण गर्ने बर्खेखोलादेखि पिप्लेसम्मको ३ दशमलब २ किलोमिटर सडक निर्माणको काम यसै महिनाभित्र ठेक्का सम्झौता हुने योगेशले जानकारी दिनुभयो । क्षति पुऱ्याएको विभिन्न स्थानमा ‘आरसीसी’ पर्खाल लगाउने काम भइरहेको छ भने चौकीडाँडामा खोलाबाट पर्खाल लगाउन तथा चारसयबेँसी र भकुण्डेबेँसीमा पनि ‘आरसीसी’ पर्खाल लगाउन सुरु गरिएको छ । यस्तै डालाबेँसी, मङ्गलटार खण्ड, चारसयबेँसीदेखि नार्के खण्डमा सडक चौडा बनाउने कामसमेत भइरहेको योगेशले बताउनुभयो । उहाँका अनुसार गतवर्ष र यसवर्षको बाढीले सडक पूर्ण क्षति भएको स्थानमा बाढीले क्षति नगर्ने संरचना निर्माणको डिजाइन गरिएको छ ।

राजमार्गको काभ्रेपलाञ्चोक र सिन्धुलीको क्षतिग्रस्त खण्डको आगामी दुई वर्षभित्र पुनर्निर्माणको काम सक्ने लक्ष्य राखिएको छ । कार्यालयका अनुसार क्षतिग्रस्त राजमार्गको पुनर्निर्माणको लागि तीन खण्डमा एकैसाथ काम सुरु गरिएको हो । यसवर्ष क्षतिग्रस्त स्थानमा संरचना निर्माण गर्ने, सडक चौडा गर्नेलगायतको काम सम्पन्न गर्ने र आगामी वर्ष बाँकी रहेका केही स्थानमा संरचना बनाई कालोपत्रे गरी कामलाई तीव्रता दिइएको योगेशले बताउनुभयो । बाढीपहिराले उक्त राजमार्गअन्तर्गत काभ्रेपलाञ्चोक र सिन्धुली खण्डको करिब ३० किलोमिटर सडकमा क्षति पुऱ्याएको थियो ।

अबको पुन:निर्माणमा राजमार्गको स्तरोन्नति गर्दै दुई लेनको सडक निर्माण गरिने भएको हो । “पुन:निर्माण हुने सडकखण्डमा दुई लेनको सडक बन्नेछ भने यसभित्र रहेका पुलसँगै अर्को पुल निर्माण गरेर पुललाईसमेत दुई लेनको निर्माण गरिनेछ,” योगेशले भन्नुभयो । उहाँका अनुसार पाँच वटा पुललाई दुई लेनमा परिणत गर्नेसमेत योजना बनाइएको छ ।

डालाबेँसीदेखि चारसयबेँसीसम्म ८ दशमलव ५ किमी सडक पुन:निर्माणका लागि खानी-एवन-कमलजीत जेभीले रु. एक अर्ब ४२ करोड ३७ लाख ( भ्याटसहित) मा निर्माण गर्ने गरी ठेक्का पाएको कार्यालयले जनायो । यस्तै चारसयबेँसीदेखि भकुन्डेबेँसीसम्मको ११ दशमलव ८ किमी सडक पुन:निर्माणका लागि लामा-नवकान्तिपुर जेभीलाई रु. एक अर्ब ३३ करोड ५३ लाखमा ठेक्का दिइएको हो । नेपालथोकदेखि बर्खेखोलासम्म ४ दशमलव ९० किमी सडक पुनर्निर्माणका लागि रु. ६१ करोड (भ्याटसहित) मा निर्माण गर्ने गरी खरिढुङ्गा-घिसिङ-क्षितिज जेभीसँग ठेक्का सम्झौता गरिएको जनाइएको छ ।

क्षतिग्रस्त कूल २९ दशमलव पाँच किमी सडकमध्ये बर्खेखोलादेखि पिप्लेसम्मको ३ दशमलव २ किमी सडकलाई जाइकाले रु. २ अर्ब ६३ करोड बराबरको अनुदान उपलब्ध गराउने समझदारीपत्रमा हस्ताक्षर भइसकेको छ । कार्यालयले जाइकाले निर्माण गर्ने सडकखण्डबाहेकका अन्य खण्डमा सरकारले गत असोजअघिनै ठेक्का लगाइसकेको थियो । क्षतिग्रस्त खण्ड पुन:निर्माणका लागि सरकारले रु. ८ अर्ब ५० करोड स्रोत सहमति दिएको हो । यसमध्ये काभ्रेपलाञ्चोकतर्फका तीन सडकखण्डलाई रु. सात अर्ब ५० करोड र सिन्धुलीको एक सडकखण्डलाई रु. एक अर्बको स्रोत सहमति दिइएको हो । विस्तृत अनुगमन निरीक्षण गरी पुन: अस्थायी बनाउने काम थालिएको कार्यालयको इन्जिनियर विन्दु अधिकारीले जानकारी दिनुभयो ।

गत असोज १७ गते रातिदेखि निरन्तर परेको वर्षाले उक्त राजमार्गको भकुन्डे-नेपालथोक सडकखण्डमा धेरै क्षति पुऱ्याएको कार्यालयले जनाएको छ । इन्जिनियर अधिकारीका अनुसार बीपी राजमार्गअन्तर्गत उक्त सडकखण्डको १७ स्थानमा रोसी खोलाले क्षति पुऱ्याएको छ भने राजमार्गको चौकीडाँडा, बोक्सेकुना, माम्ती, चार सयबेँसी, घुमाउनेलगायतका स्थानमा निकै नै जोखिम रहेको छ । यी स्थानमा अब शून्यबाटै फेरि मर्मत सुरु गरिने अधिकारीको भनाइ छ ।

कार्यालयका अनुसार हाल एक सय १० किलोमिटर सडकमा यातायात पुन: सञ्चालनमा रहेको र ५० किलोमिटर पुनर्निर्माणको चरणमा रहेको छ । कार्यालयले गतसाल असोजको बाढीपहिरोले क्षतिग्रस्त बीपी राजमार्गअन्तर्गत २९ किलोमिटर सडकखण्डलाई चार खण्डमा पुनर्निर्माण गर्नेगरी यस वर्ष प्रक्रिया अघि बढाइएको थियो । त्यतिबेलाको बाढीपहिरोले आठ किलोमिटर सडक पूरै बगाएको थियो ।

यस्तै क्षतिग्रस्त राजमार्ग स्थायी पुनर्निर्माण गर्दा इन्टरमिडियट लेनबाट कम्तीमा दुई वटा गाडी सहजरूपमा गुड्ने गरी सात मिटर चौडाइको कालोपत्रे भएको र अर्को रोशीखोलामा बाढी आउँदा बाढीले खोल्नसक्ने नदीको सतहभन्दा तलबाट आरसिसी पर्खाल लगाएर सडक निर्माण गरिने जनाइएको छ । कार्यालयले पहिलो चरणमा भकुन्डेदेखि नेपालथोकसम्मको २८ किलोमिटर सडक दुई लेनको बनाउने छ । राजमार्गमा जोखिमका कारण पटकपटक विशेषगरी राति सवारी सञ्चालनमा रोक लगाउँदै आइएको छ । दैनिक करिब तीन हजार सवारीसाधन आवतजावत गर्ने उक्त राजमार्गमा चाडवाडका बखत भने तेब्बर सवारी साधन ओहोरदोहोर नै गर्छन् ।

त्यसो त जाइकाको प्राविधिक अध्ययनले बीपी राजमार्गमा १६ टनभन्दा माथिको सवारीसाधन सञ्चालन गर्न रोक लगाएको छ । तर, व्यापारीले प्रशासनलाई प्रभावमा पारेर २५ टनसम्मका सवारीसाधन सञ्चालन गर्दै आइरहेका छन् । बीपी राजमार्गमा ट्रिपरले २५ टनसम्म गिट्टी बालुवा लिएर निर्वाध रूपमा सञ्चालन हुने गरेपनि नियम कार्यान्वयन गर्ने निकाय भने प्राय: मुकदर्शक नै बन्ने गरेको पाइन्छ । बीपी राजमार्गको संरचना भत्काउने मुख्य कारकको रूपमा यस सडकमा सञ्चालन हुने टिपर पनि रहेका छन् । दैनिक यस सडकमा छ सयभन्दा बढी टिपर क्षमताभन्दा बढी लोड लिएर सञ्चालन भइरहेका छन् । बेलाबखत प्रहरीले चेकिङ गरे पनि नियमित रूपमा अनुगमन हुन सकिरहेको छैन । यसको फाइदा टिपर व्यवसायीले उठाउँदै आएका छन् । सङ्गठित रूपमा टिपर सञ्चालक र क्रसर व्यवसायीले स्थानीय प्रशासनलाई प्रभाव पार्दै बीपी राजमार्गको संरचनालाई जोखिममा पार्दै आएका पनि छन् ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय काभ्रेपलाञ्चोकका अनुसार हाल बीपी राजमार्गमा साना ठुला गरी दैनिक ३ हजारभन्दा बढी सवारी साधन आवतजावत गर्ने गरेका छन् । मुग्लिन-नारायणगढ सडकखण्ड अवरुद्ध हुँदा पूर्वबाट आउने अधिकांश साना सवारी साधन बीपी राजमार्ग हुँदै सञ्चालन हुने गरेका छन् । यस सडकमा ट्रिपर, मिनी बस, टाटासुमो र माइक्रोबस बढी सञ्चालन हुने गरेका छन् । जापान सरकारको अनुदान सहयोगमा आर्थिक वर्ष २०५३/५४ बाट बीपी राजमार्ग ( धुलिखेल-सिन्धुली-बर्दिबास एक सय ६० किमि सडक) निर्माण कार्य सुरु गरिएको थियो । खण्डखण्ड विभाजन गरी निर्माण सम्पन्न राजमार्गको २०७२ असार १८ गते औपचारिक रूपमा जापान सरकारले नेपाल सरकारलाई हस्तान्तरण गरेको थियो । उक्त राजमार्ग केन्द्रीय राजधानी काठमाडौँलाई मध्यपहाडी तथा पूर्वी नेपालसँग जोड्ने छोटो मार्गका रूपमा लिइएको छ । ***रासस***

# कक्षा ५ सम्म जाँचै नदिई पास, यो नियम लागू गर्न के छ तयारी ?

अरुणा उप्रेती

अहिले त फेल नै नहुने नीतिले गर्दा शिक्षकमा पढाउने र विद्यार्थीमा पढ्ने संस्कृति हराउँदै गएको छ ।

“हामी तुरून्त छलफल गरेर अघि बढ्छौँ । नयाँ शैक्षिक सत्रदेखि नै यो पद्धति लागू गर्नुपर्ने अवस्था पनि छ ।”

“करेला उस पर निम चढा”, भन्ने जस्तै हो सरकारको यो नियम यस्तोले त सरकारी विद्यालयको पढाइ झन् कमजोर गराउँछ; फेल नै नहुने नीतिले गर्दा शिक्षकमा पढाउने र विद्यार्थीमा पढ्ने संस्कृति हराउँदै गएको छ

आदरणीय शिक्षामन्त्रीसहित शिक्षा मन्त्रालयका कर्मचारी, तपाईंहरू राम्रो शिक्षा दिनुपर्छ बालबालिकालाई भनेर भाषण गरिरहनुहुन्छ । तर, वास्तवमा सरकारी र सामुदायिक स्कूलका समस्या के-के छन् भनेर कहिल्यै विचार गर्नुहुन्न । तपाईँहरूको शिक्षा नीति वर्षैपिच्छे फेरिन्छ, तर हामीलाई त ‘कागलाई बेल पाक्यो हर्ष न विस्मात्’ । सिंहदरबारमा जेजस्तो नीति बने पनि प्राय: सरकारी स्कूलमा त कसैले पढाइको वास्तै गर्दैन ।

तपाईंहरूको सबैलाई पास गराउने वा कोही पनि फेल हुनुहुन्न भन्ने नीतिले त झन् खत्तम पारेको छ । १० कक्षाको (एसईई) व्यावहारिक जाँचमा अङ्ग्रेजीमा ‘ए प्लस’ पाएका हामीले लिखितमा चाहिँ ‘ई’ ल्याउँछौँ, अर्थात् हामी पास हुँदैनौँ । किनकि, हामीलाई एक वाक्य पनि आउँदैन ।

१० कक्षा पास गरेको विद्यार्थी आफ्ना बारेमा नेपालीमा १० र अङ्ग्रेजीमा दस-दस लाइन लेखेर देखाउन सक्दैन । ११ कक्षामा शिक्षा विषय लिएर पढ्न थालेका किशोरीको कापीमा हेर्दा थाहा हुन्छ कि उनीहरूलाई पाँच कक्षाको जति पनि लेख्न आउँदैन । तिमीहरूले १० कक्षा आफैँ पास गरेको हो कि अरू कसैले जाँच दिएको हो भन्ने प्रश्न गर्नुभयो भने थाहा हुन्छ, समस्या कहाँ रहेछ । यसो गरेपछि स्पष्ट थाहा हुन्छ कि कतिको जाँच त अरूले नै दिँदा रहेछन् यहाँ । कति नेताको जाँच त अरूले नै दिन्छन् भन्ने शिक्षा मन्त्रालयलाई थाहै होला । कति बिहारी शैलीमा विद्यार्थी घरमै बसीबसी अरूले जाँच दिएर पास भएपछि ११ कक्षा पढ्न विद्यार्थी हौसिएर आउँछन् ।

पहिले-पहिले ५ कक्षा पढ्दा नेपाली किताब राम्रोसँग पढ्न सकिन्थ्यो रे । कोही पढेर छिट्टै बुझ्थे, कोही ढिलो बुझ्थे, तर नेपाली पढ्न र लेख्न सबैले जान्दथे रे । तर, अहिले त १० कक्षामा पुग्दासम्म पनि सरकारी स्कूलमा पढ्ने विद्यार्थीलाई पत्रपत्रिका पढ्नसमेत धौधौ हुन्छ । झन्, त्यसमाथि पनि अहिले अङ्ग्रेजी पढाउने धुनले गर्दा त अब त कबाट कलम पनि पनि लेख्न आउँदैन कि भन्ने डर छ ।

जिल्लामा जाँदा कुनै सरकारी स्कूलका विद्यार्थीसँग छलफल गर्नुभयो भने सायद मन झसङ्ग हुनेछ यहाँहरूको । १२ को गुना पनि १० कक्षाका विद्यार्थीलाई आउँदैन भन्ने यहाँहरूलाई थाहा छ ? यसरी विद्यार्थी नपढे पनि पास हुने सरकारी स्कूलको नियमका कारण नै आमाबुबा बरु भोकै बसेर भए पनि छोराछोरीलाई त बोर्डिङ स्कूलमै पढाउँछौँ । सरकारी स्कूलका मास्टर त केबल हल्लिएर खान्छन् ।

स्कूल कहिले आउँछन्, कहिले आउँदैनन् भन्छन् । अहिले मजदुर र किसानका छोराछोरी पनि युनिफर्म, टाई लगाएर स्कूल गइरहेको दृश्य गाउँघरमा सामान्य लाग्छ । सरकारी स्कूलमा विद्यार्थी घट्दै छन् । आफूले दु:ख पाए पनि सन्तानको आँखा त खोलिदिनैपर्छ भनेर हाम्रा आमाबाले अति गाह्रो हुँदाहुँदै सन्तानलाई निजी स्कूलमा पढाउँछन् । हुन त गाउँका निजी स्कूल पनि के पो राम्रा छन् र ? तर, सरकारी स्कूलका शिक्षकभन्दा त समयमा आउँछन्, केही न केही पढाउँछन्, लेखेको छ कि छैन हेर्छन् । सरकारी स्कूलमा त कसले लेखेको हेर्छ र ? शिक्षक त स्कूलबाट प्राय: गायबै हुन्छन् ।

सरकारी स्कूलजति सबैमा पढाइ हुँदैन भन्ने हैन, तर अधिकांश सरकारी स्कूल, त्यसमाथि पनि तराईका स्कूलमा भने शिक्षाको स्तर त झनै खराब छ । नेता र शिक्षकका सन्तान निजीमा जान्छन्, अनि सरकारी स्कूलमा केको पढाइ होस् ? तराईका प्राय: सरकारी स्कूलमा ठुला मैदान हुन्छन् । तर, कुनाकाप्चा फोहोरले भरिएका स्कूलका कक्षाकोठा पनि निकै फोहोर हुन्छन् । तराईमा जबरजस्ती पास भएका विद्यार्थी ११ कक्षामा गएपछि कुहिराको कागजस्तै हुन्छन् । कतिलाई त नेपालमा कतिवटा जिल्ला छन् भन्नेदेखि नेपालको उत्तरमा कुन देश छ भन्ने जस्ता प्रश्नको उत्तर पनि आउँदैन ।

प्राय: पहाडका कुनाकन्दरा र तराईका सरकारी स्कूलका विद्यार्थीको पढाइलाई कसले वास्ता गर्छ र ? शिक्षकहरू स्कूलमा नआए पनि, नपढाए पनि समुदायलाई केही वास्ता छैन । स्कूलमा आमाबाको भेला गराएर विद्यार्थीको पढाइ सुधार गर्नेबारे कसैले पनि बोल्दैन । यो अवस्था विशेषगरी दलित, जनजातिको सघन बसोबास भएका क्षेत्रका स्कूलमा देखिन्छ ।

अहिले त १० कक्षा पास गरेपछि सबभन्दा नराम्रो पढ्ने विद्यार्थी अब शिक्षा विषय लिएर पढ्छु भन्छ । विज्ञान, हिसाबमा फेल भए पनि पढ्न पाइहालिन्छ भन्ने भावनाले गर्दा विद्यार्थीले पढाइमा ध्यानै दिन छाडेका छन् ।

# अर्हत त्रैमासिकबारे सामाजिक शिक्षकहरूमाझ अन्तरक्रिया कार्यक्रम




भक्तपुर, २१ चैत। बौद्ध दर्शन अध्ययन समाज, भक्तपुरले आफ्नो प्रकाशन अर्हत त्रैमासिकबारे सामाजिक शिक्षकहरूमाझ अन्तरक्रिया कार्यक्रम शनिबार विद्यार्थी निकेतन मावि दरवार क्षेत्रमा सम्पन्न गऱ्यो ।

कार्यक्रममा प्रमुख अतिथि बौद्ध दर्शन अध्येता एवं लेखक डा. रत्नसुन्दर शाक्यले बौद्ध दर्शन र बौद्ध धर्म निश्चित जातिको मात्र धर्म नभई सबै नेपालीको गौरवको विषय भएको बताउनुभयो ।

बौद्ध शिक्षाले समाजमा शान्ति र प्रगति ल्याउने चर्चा गर्दै काठमाडौँ उपत्यका सुरुदेखि नै बौद्ध धर्म र शिक्षाको प्रभाव क्षेत्र रहेको र त्यसको प्रमाण जनजीवन र संस्कृतिमा देख्न सकिन्छ भन्नुभयो ।

उहाँले शिक्षकहरूले गौतम बुद्ध र बौद्ध धर्मलाई परीक्षाको विषयवस्तु मात्र नभई जीवनोपयोगी शिक्षाको रूपमा सिकाउनुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रमका सभापति एवं समाजका अध्यक्ष जनकवि चन्द्रबहादुर उलकले गौतम बुद्ध र बौद्ध दर्शनबारे व्यापक जनसमुदायलाई जानकारी दिने उद्देश्यले समाजको स्थापना र अर्हत त्रैमासिक पत्रिकाको प्रकाशन भइरहेको प्रस्ट पार्नुभयो ।

बौद्ध दर्शन अध्येता सुरेश परियारले गौतम बुद्ध जन्मेको र बाँचेको समयको स्थितिबारे विस्तृत चर्चा गर्दै बौद्ध दर्शन र बुद्धको शिक्षालाई आजको परिस्थितिअनुसार कसरी उपयोगी बनाउने भनी चिन्तन गर्न जरूरी रहेको बताउनुभयो ।

उहाँले हिजोका दिनमा सामन्ती निरङ्कुशता र जाति प्रथाले मानिसहरूलाई दुःख दिएको थियो भने आज पुँजीवाद र उपभोक्तावादी सोचाइले मानिसहरूलाई दुःखी बनाइरहेको हुनाले दुःखका कारणविरुद्ध सचेत सङ्घर्ष आवश्यक छ भन्नुभयो ।

सामाजिक शिक्षाका शिक्षकहरू हरिकृष्ण प्रजापति र मङ्गलेश्वर धोजूले सामाजिक शिक्षाको पाठ्यक्रममा बुद्धको शिक्षाको समावेशबारे चर्चा गर्दै आजको सामाजिक र नैतिक शिक्षाको आधार नै बौद्ध दर्शन रहेको बताउनुभयो ।

कार्यक्रममा बौद्ध दर्शन अध्ययन समाजका सदस्यहरू कृष्णप्रसाद धन्छा, उद्धव सुजखु र सुलोचना कोजू तथा मुनि विहार भक्तपुरका सचिव केदार धोजूले पनि बौद्ध दर्शनको उपयोगिताबारे बोल्नुभयो ।

कार्यक्रममा अर्हत पत्रिकाका निम्ति नियमित आर्थिक सहयोग दाताहरू संघरत्न शाक्य, विष्णुबहादुर मानन्धर र तुल्सीनारायण लाखेमरुलाई कदरपत्रका साथ प्रमुख अतिथिबाट सम्मान गरिएको थियो ।


भक्तपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ब्यासी, भक्तपुर

युवा उद्यमशीलता ऋणको अन्तर्वार्तासम्बन्धी सूचना

आ.व २०८२।८३ को लागि भक्तपुर नगरपालिका क्षेत्रभित्रका स्थानीय युवाहरूलाई उद्यमशील बनाउन ऋण प्रदान गर्नेसम्बन्धी मिति २०८२।०८।०९ गते 'मजदुर' दैनिक पत्रिकामा सूचना प्रकाशित भएबमोजिम निवेदन दिएका युवाहरूलाई निम्न मिति, समय र स्थानमा अन्तर्वार्ता हुने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

अन्तर्वार्ता
मिति : २०८२ चैत २३ गते, सोमबार
समय : बिहान ७:०० बजेदेखि
स्थान : भ.न.पा. सभाकक्ष, ब्यासी



भक्तपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

उत्कृष्ट खेलाडी छनोटसम्बन्धी सूचना

भक्तपुर नगरपालिकाद्वारा २०८२ सालमा भक्तपुर जिल्लाबाट विभिन्न खेल प्रतियोगितामा सहभागी भई पदक प्राप्त गर्नुभएका वर्षका उत्कृष्ट पुरूष तथा महिला खेलाडीहरूलाई बधाई तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा पदक प्राप्त गर्न सफल खेलाडी, रेफ्री र प्रशिक्षक प्रशिक्षण कोर्समा उत्तीर्ण प्रशिक्षकहरूलाई (रिफ्रेसर कोर्स गर्नेलाई बाहेक) सम्मान कार्यक्रम गर्ने भएकोले सम्पूर्ण सम्बन्धित खेलाडी, रेफ्री, प्रशिक्षकहरूले आ–आफूले २०८२ सालमा प्राप्त गर्नुभएका प्रमाणपत्रहरूको प्रतिलिपि मिति २०८३ वैशाख १० गतेभित्र सम्बन्धित खेल सङ्घको सिफारिससहित, भ.न.पा. प्रशासन शाखा वा राय ह्यान्डिक्राफ्ट खौमामा पेस गर्नुहुन अनुरोध गरिन्छ ।


# औषधिको 'प्रमोसन' गर्ने व्यक्तिलाई कार्यालय समयभित्र वीर अस्पताल प्रवेशमा निषेध

काठमाडौँ, २१ चैत । वीर अस्पतालले चिकित्सकले बिरामीलाई औषधि सिफारिस गर्दा कुनै निश्चित कम्पनी वा 'ब्रान्ड' तोकी नलेख्न निर्देशन गरेको छ ।

अस्पतालका कार्यकारी निर्देशक प्राडा दिलीप शर्माले चिकित्सकले बिरामीलाई औषधि तथा सर्जिकल सामग्रीको सिफारिस गर्दा कुनै निश्चित कम्पनी ब्रान्ड तोकी नलेखी सबैले बुझ्ने गरी 'जेनेरिक' नाम ठुलो अक्षरमा लेख्न आग्रह गर्नुभएको हो ।

यसरी चिकित्सकले औषधिको सिफारिस गरेपछि चिकित्सकले आफ्नो लाइसेन्स नम्बर राखेर हस्ताक्षरसहित लेख्न आग्रह गरिएको छ ।

अस्पतालका निर्देशक प्राडा शर्माले औषधिको 'प्रमोसन' गर्ने व्यक्ति (एमआर) लाई कार्यालय समयभित्र प्रवेशमा निषेध गरिएको जानकारी दिनुभयो । औषधिको प्रमोसन गर्ने व्यक्ति (एमआर) लाई कार्यालय समयमा बहिरङ्ग सेवा, आकस्मिक कक्ष तथा शय्यामा प्रवेशमा निषेध गरिएको उहाँले बताउनुभयो ।

यसैगरी, अस्पतालले अस्पताल हाताभन्दा बाहिरका औषधि पसलबाट औषधि किन्न बिरामीलाई अभिप्रेरित गर्ने र शय्यामा गएर औषधि पसलले 'भिजिटिङ कार्ड' बाँड्ने गरेकोसमेत पाइएकाले त्यस्तो कार्य नगर्न सबै कर्मचारीलाई अनुरोध गर्नुभएको छ ।

यस्तो कार्य गरेको पाइएमा अस्पताल प्रशासनबाट नियमानुसारका कारबाही गर्नेसमेत अस्पतालका कार्यकारी निर्देशक प्रा. डा. शर्माले बताउनुभएको छ ।

यसैगरी, अस्पताल प्रशासनले चिकित्सकले औषधि तथा सर्जिकल सामग्रीको कम्पनी वा ब्रान्ड नमिलेको भनी फिर्ता गरी बिरामीलाई अनावश्यक दुःख दिने कार्य नगर्नसमेत आग्रह गरेको उहाँले बताउनुभयो ।

यदि त्यस्तो दुःख दिने कार्य गरेको पाइएमा संलग्न चिकित्सक, नर्सिङ तथा अन्य कर्मचारीलाई कारबाही गरिने समेतमा अस्पतालले उल्लेख गरेको छ ।

**'फोकल पर्सन' तोक्न स्वास्थ्य मन्त्रालयको निर्देशन**

यसैबीच, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले आफ्नो मातहतका स्वास्थ्य संस्थालाई 'फोकल पर्सन' तोकेर पठाउन निर्देशन जारी गरेको छ ।

मन्त्रालयका सूचना अधिकारी डा. भक्त केसीले 'हेलो सरकार' बाट आएका गुनासोलाई सम्बोधन गर्नका लागि आफ्नो मातहतका ४६ स्वास्थ्य सङ्घसंस्थालाई जतिसक्दो चाँडो 'फोकल पर्सन' तोकेर पठाउन निर्देशन दिएको जानकारी दिनुभयो ।

उहाँले सरकारले जारी गरेको शासकीय सुधारका कार्यक्रमको हेलो सरकारलाई स्तरोन्नति गरी नागरिक 'प्लेटफर्म' का रूपमा विकास गर्नका लागि फोकल पर्सन तोकेर पठाउन मन्त्रालयमा मातहतका निकाय, अस्पताल र प्रतिष्ठानलाई निर्देशन दिएको बताउनुभयो । उहाँले ति फोकल पर्सनले हेलो सरकारबाट प्राप्त भएका नागरिकका गुनासो सम्बोधनका गर्ने बताउनुभयो ।

स्वास्थ्य सेवा विभाग, औषधि व्यवस्था विभाग, आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभाग, वीर अस्पताल, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानलगायत ४६ वटा विभाग/अस्पताल/प्रतिष्ठानलाई पत्र पठाइएको सूचना अधिकारी डा. केसीले बताउनुभयो । रासस

# पश्चिम एसिया द्वन्द्व : युएईमा घाइते भएका सातै नेपाली खतरामुक्त, छ जना अस्पतालबाट 'डिस्चार्ज'

काठमाडौँ, २१ चैत: पश्चिम एसियाको द्वन्द्वका क्रममा संयुक्त अरब इमिरेट्स (युएई) मा आक्रमणमा परी घाइते भएका सबै नेपाली नागरिक सबै खतरामुक्त रहेका छन् ।

सो आक्रमणमा परेर सात जना नेपाली घाइते भएका जनाइएको छ । घाइते नेपाली नागरिक सबै खतरामुक्त रहनुभएको त्यहाँस्थित नेपाली दूतावासले जनाएको छ ।

राजदूतावासका अधिकारीले गम्भीर घाइतेसहित सातै जनासँग टेलिफोन सम्पर्क गरेको र उहाँहरूले खतरामुक्त रहेको जानकारी गराउनुभएको परराष्ट्र मन्त्रालयले शनिबार जनाएको छ । घाइतेमध्येका चारजनालाई दूतावासका अधिकारीहरूले शनिबार भेट गरी उहाँहरूको अवस्थाका बारेमा बुझ्नुभएको र आवश्यक सहयोगका लागि समन्वय गर्ने उल्लेख गर्नुभएको थियो । बाँकी तीन जनासँग पनि छिट्टै भेट गरी आवश्यक जानकारी लिइने मन्त्रालयका प्रवक्ता लोकबहादुर पौडेल क्षेत्रीले जानकारी दिनुभयो ।

प्रवक्ता क्षेत्रीका अनुसार ६ जना सामान्य उपचारपछि हाल अस्पतालबाट फर्किसक्नुभएको र गम्भीर चोट लागेको भनिएका थप एकजना नेपालीको पनि हाल उपचार जारी रहेको तथा उहाँ पनि खतरामुक्त रहनुभएको छ । आफू छिट्टै अस्पतालबाट 'डिस्चार्ज' हुने उहाँले टेलिफोनमा बताउनुभएको छ ।

यस घटनाका सम्बन्धमा जानकारी प्राप्त हुनासाथ आवश्यक समन्वयका लागि मन्त्रालयबाट दूतावासलाई निर्देशन दिइएको थियो । युएईका सम्बन्धित निकायहरूबाट समयमै उहाँहरूलाई उचित उपचारको प्रबन्ध गरिएको थियो । राजदूतावासले उहाँहरूलाई आवश्यक पर्ने कुनै पनि प्रकारको सहयोगका लागि प्रतिबद्ध र तयार रहेको जनाएको छ । रासस


क्षयरोगबाट बचौं र बचाऔं।

- खोक्दा र हाछ्युँ गर्दा मुख छोप्ने तथा मास्क प्रयोग गर्ने बानी बसालौं,
- दुई हप्ताभन्दा बढी खोकी लागेमा तुरुन्त स्वास्थ्य संस्थामा जाँच गराऔं,
- क्षयरोग लागेमा निःशुल्क परीक्षण र उपचार सेवा प्राप्त गरौं,
- नियमित औषधि सेवनले क्षयरोग निको हुन्छ, चिकित्सकको सल्लाहअनुसार औषधि सेवन गरौं,
- क्षयरोग लागेको विरामीको सम्पर्कमा रहँदा सतर्क बनौं,
- विरामीलाई भेदभाव नगरौं, साथ र सहयोग दिऔं,
- क्षयरोग लागेको विरामीलाई पोषणयुक्त खाना र सरसफाइमा ध्यान दिऔं,

"क्षयरोग निको हुन्छ" भन्ने सन्देश फैलाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड


# विद्यार्थीलाई पढाइसँगै सीपमूलक तालिम

म्याग्दी, २१ चैत । बेनी नगरपालिका-४ सिङ्गास्थित धौलागिरि माध्यमिक विद्यालयका विद्यार्थीलाई हातेट्याक्टर मर्मतसम्बन्धी तालिम सञ्चालन गरिएको छ ।

बेनी नगरपालिकाको 'हामी सक्छौँ, हामी गर्छौँ' कार्यक्रममार्फत धौलागिरि माविले विद्यार्थीलाई व्यावसायिक सीप सिकाउन खेतबारी खनजोतमा प्रयोग हुने हाते ट्याक्टर मर्मतसम्बन्धी तालिम सञ्चालन भएको हो ।

कक्षा ८, ९ र ११ का २० जना विद्यार्थीहरुका लागि १९ दिने हाते ट्याक्टर मर्मतसम्बन्धी तालिम सञ्चालन गरिएको विद्यालय व्यवस्थापन समितिका अध्यक्षसमेत रहेका वडाध्यक्ष अणबहादुर खड्का (भगवान) ले जानकारी दिनुभयो ।

"खेतबारी खनजोतमा गोरुको विकल्पमा प्रयोग भइरहेको हाते ट्याक्टरमा समस्या आउँदा मर्मत गर्ने जनशक्ति गाउँघरमै तयार पार्न परीक्षापछिको फुर्सदको समयमा तालिम दिएका हौँ", उहाँले भन्नुभयो, "सीप सिकेपछि विद्यार्थीहरुलाई दैनिक जीवनका साथै पेसा, व्यवसाय गर्न प्रेरित गर्न सीपमूलक तालिम दिने गरेका छौँ ।"

***अमेरिका...***

गुप्तचर मूल्याङ्कनले इरानले भूमिगत संरचनाहरू प्रयोग गरेर आफ्ना मिसाइल प्रक्षेपण प्रणाली सुरक्षित राख्न सफल भएको देखाएको छ । इरानले लामो समयदेखि सुरुङ र गुफाहरूको सञ्जालमा यस्ता संरचना लुकाउँदै आएको छ, जसले तिनीहरूलाई लक्ष्य बनाउन कठिन बनाएको छ ।

यसैबिच अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले सैन्य कारबाही सम्पन्न गर्न दुईदेखि तीन हप्ताको समयसीमा उल्लेख गरे पनि गुप्तचर मूल्याङ्कनको अध्ययन गरेका स्रोतहरूले उक्त समयसीमा यथार्थपरक नभएको बताएको छ ।

हालसम्म पनि इजरायल, खाडी क्षेत्रमा रहेका अमेरिकी सहयोगी देशहरू तथा अमेरिकी सेनाले इरानबाट हुने नियमित मिसाइल र ड्रोन आक्रमणको सामना गरिरहेका छन् ।

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा